सावतीको त्रैमासिक पत्रिका

वर्ष १, अङ्क १, मङ्सिर-माघ २०६४

# व्यापार र विकास




प्रतिस्पर्धा प्रवर्द्धनको प्रतिबद्धता

## कार्यान्वयन होला ?

वैदेशिक ऋण ■ निर्यात व्यापार ■ उपभोक्ता नीति ■ कृषक अधिकार

व्यापार र विकास

**सम्पादक**
ध्रुवेशचन्द्र रेग्मी

**सह-सम्पादक**
निलु थापा
निरज श्रेष्ठ
कपिल गौतम

**चित्र**
अबिन श्रेष्ठ

**डिजाइन**
इन्द्र श्रेष्ठ

**मुद्रक**
मोडर्न प्रिन्टिङ्ग प्रेस

**प्रकाशक**
साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोन्मेन्ट (सावती)

SAWTEE
SOUTH ASIA WATCH ON TRADE, ECONOMICS & ENVIRONMENT

सम्पर्क:
पो.ब.नं. १९३६६
२५४ लम्टङ्गीन मार्ग
बालुवाटार, काठमाडौं, नेपाल
फोन: ४४१५८२४, ४४४४४३८
फ्याक्स: ४४४४५७०
ईमेल: sawtee@sawtee.org
वेब: www.sawtee.org

सम्पादकीय

# व्यापार र विकासका लागि...

**विश्वव्यापीकरणको** लहरले आर्थिक उदारीकरणमार्फत् विश्व व्यापारलाई उदार र खुला बनाउँदै गएको छ । राष्ट्रहरूबीच द्विपक्षीय सम्झौताका आधारमा हुने परम्परागत अन्तर्राष्ट्रिय व्यापारको प्रकृति, कार्यक्षेत्र र प्रवृत्तिमा विश्व व्यापार संगठन (World Trade Organization- WTO) जस्तो बहुपक्षीय अन्तर्राष्ट्रिय व्यापार संगठन र नाफ्टा, आसियान, साफ्टा तथा बिमस्टेकजस्ता क्षेत्रीय खुला व्यापार सम्झौताहरूका कारण हालका वर्षहरूमा व्यापक परिवर्तन आएको छ । यस्ता बहुपक्षीय र क्षेत्रीय सम्झौताहरूमा आधारित खुला व्यापार प्रणालीमा आर्थिक विकासका लागि अपरिहार्य कृषि र औद्योगिक वस्तु र सेवाको व्यापारलगायत लगानी तथा पेटेन्ट, कपिराइट र ट्रेडमार्कजस्ता बौद्धिक सम्पत्ति अधिकारका क्षेत्रहरूमा सदस्य राष्ट्रहरूले उदार नीति तथा पारदर्शिता र समान व्यवहारजस्ता सिद्धान्तलाई कार्यान्वयन गर्नुपर्ने हुन्छ । त्यसैले आज द्विपक्षीयका साथै क्षेत्रीय र बहुपक्षीय व्यापारसम्बन्धी नीति नियमहरूलाई के-कसरी समग्र विकासका नीति नियमहरूसँग तालमेल मिलाई उच्च र 'समावेशी' आर्थिक वृद्धि हासिल गर्न सकिन्छ र व्यापारलाई विकासको 'इन्जिन' र गरिबी निवारणको माध्यमको रूपमा उपयोग गर्न सकिन्छ भन्ने विषय अधिकांश राष्ट्रहरूका लागि महत्त्वपूर्ण बनेको छ ।

नेपालले पनि आर्थिक सुधार कार्यक्रमको क्रमिक कार्यान्वयनलाई तीव्रता दिने र व्यापारलाई आर्थिक वृद्धि र विकासको सशक्त माध्यम बनाउने उद्देश्यले सन् २००४ मा WTO को सदस्यता लिएको छ । त्यस्तै साफ्टा र बिमस्टेकजस्ता क्षेत्रीय खुला व्यापार सम्झौताहरूअन्तर्गत पनि आर्थिक विकाससँग सरोकार राख्ने अर्थतन्त्रका महत्त्वपूर्ण क्षेत्रहरूमा उदारीकरणको नीति अपनाउने प्रतिबद्धता व्यक्त गरेको छ । तर अन्तर्राष्ट्रिय र क्षेत्रीय व्यापारको प्रकृति, कार्यक्षेत्र र प्रवृत्तिमा आएको परिवर्तन र नेपालले प्रतिबद्धताअनुरूप कार्यान्वयन गर्ने भनेको बहुपक्षीय र क्षेत्रीय खुला व्यापार सम्झौताहरूको सन्दर्भमा व्यापारले विकासमा गर्न सक्ने योगदानको समीकरण त्यति सरल छैन ।

यस्ता विकासक्रमहरूको पृष्ठभूमिमा सिर्जित व्यापारिक अवसरहरूको सदुपयोगका साथै पहिचान गरिएका र सम्भावित 'आपूर्ति र माग' पक्षका चुनौती र कमी-कमजोरीहरूलाई के-कसरी कम र निराकरण गर्न सकिन्छ भन्ने विषय नेपालजस्तो भूपरिवेष्ठित र अति-कम विकसित राष्ट्रका लागि महत्त्वपूर्ण छ । यसका लागि सरकारी र निजी क्षेत्रका साथै सञ्चार क्षेत्र, दातृ निकाय एवं उपभोक्ता र कृषक संगठनलगायत यस क्षेत्रसँग सरोकार राख्ने नागरिक समाजले आ-आफ्नो तवरबाट नीति-निर्माण, अनुसन्धान तथा चेतना र क्षमता अभिवृद्धिका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

यस्तै भूमिकालाई मध्यनजर गरी सावतीले व्यापार र विकाससँग सरोकार राख्ने विभिन्न विषयहरूमा अध्ययन-अनुसन्धान, तालिम एवं कार्यशाला गोष्ठीको आयोजना र पुस्तक एवं पत्रिका प्रकाशनको कार्य गर्दै आएको छ । सरोकारवालाहरूको चेतना र क्षमता अभिवृद्धिका लागि यस संस्थाले अंग्रेजी भाषामा *Trade Insight* नामक त्रैमासिक पत्रिकाको साथै नेपाली भाषामा *विश्व व्यापार, स्वच्छ प्रतिस्पर्धा, व्यापार र विकास* एवं *विश्वव्यापीकरण* नामक बुलेटिनहरू पनि नियमित रूपमा प्रकाशित गर्दैआएको छ । सरोकारवालाहरूकै सल्लाह, सुझावका साथै संस्थाको उद्देश्यअनुरूप नेपाली भाषामा प्रकाशित हुने बुलेटिनहरूले समावेश गर्दै आएका विषयवस्तुका साथै अन्य थप महत्त्वपूर्ण सामग्रीहरू समावेश गरी सावतीले *व्यापार र विकास* नामक त्रैमासिक पत्रिकाको प्रकाशन यस अंकदेखि थालनी गरेको छ । यस प्रकाशनमा अन्तर्राष्ट्रिय व्यापार, अर्थ र वाणिज्यसँग सम्बन्धित विषयवस्तुलगायत प्रतिस्पर्धा नीति र कानून, वैदेशिक ऋण तथा कृषक एवं उपभोक्ता अधिकारसम्बन्धी समाचार र लेखहरू समावेश गरिएको छ । हाम्रो यस प्रयासबाट यस्ता विषयवस्तुहरूमा जानकारी राख्न चाहने सबै सरोकारवालाहरूलाई सहयोग पुग्ने विश्वास लिएका छौं । यस प्रकाशनलाई अझ अनुसन्धानमूलक, उपयोगी र प्रभावकारी बनाउने दिशामा प्रबुद्ध पाठकवर्गको अमूल्य सल्लाह, सुझाव र प्रतिक्रियाको हामी अपेक्षा गर्दछौं ।

# विषय सूची

वर्षः १ अङ्कः १
मङ्सिर-माघ २०६४

## प्रतिस्पर्धा प्रवर्द्धनको प्रतिबद्धता

# कार्यान्वयन होला ?

प्रतिस्पर्धा प्रवर्द्धन र उपभोक्ता हक-हित संरक्षणसम्बन्धी प्रतिबद्धताहरू सरकारले कार्यान्वयन गर्छ भन्ने कुरामा सरोकारवालाहरू अझै विश्वस्त छैनन् ।

आवरण १३




## आर्थिक समृद्धिका लागि

# औद्योगिक क्रान्ति

विकास र योजना ७

हाम्रा नयाँ योजना तथा नीतिहरूको यदि प्रभावकारी कार्यान्वयन होस् भन्ने चाहना राख्ने हो भने त्यसमा उल्लेख भएका *गरिनेछ* भन्ने शब्दहरूका साथै *यसरी गरिनेछ* भन्ने कुरा स्पष्ट गरिनु पर्नेछ ।




समाचार ४-६

कृषि विविधता

बिरूवाको जातमा कृषक अधिकार ९

उपभोक्ता नीति

आयातित खाद्य पदार्थमा लेबलिङको प्रश्न ११

उपभोक्ता वकालत

उपभोक्ता संरक्षण ऐनः समस्या र चुनौती १५

जनचेतना

विश्व व्यापार संगठन र सामुदायिक... १७

निर्यात व्यापार

चिया उद्योगः निर्यात सम्भाव्यता १८

वैदेशिक ऋण

अति ऋणग्रस्त गरिब राष्ट्रहरू... १९

व्यङ्ग्य

व्यापार गरौँ, जिन्दगी सपारौँ २०

संस्था गतिविधि २१

यस पत्रिकामा प्रकाशित लेखहरूका विचार तथा मान्यता लेखककै हुन् ।

# दोहा चरणको वार्ता अगाडि बढाउन नयाँ प्रस्ताव

**विश्व** व्यापार संगठनको अवरूद्ध दोहा विकास चरणको वार्तालाई पुनर्जीवन प्रदान गर्ने उद्देश्यले सेप्टेम्बरको पहिलो सातादेखि जेनेभामा सदस्य राष्ट्रहरूबीच पुनः वार्ता सुरु भएको छ ।

सन् २००१ को नोभेम्बरमा थालिएको दोहा विकास चरणको यो वार्ताले विकासोन्मुख राष्ट्रहरूलाई व्यापार गर्नका लागि सहज वातावरण बनाउन कृषि, औद्योगिक एवम् सेवाका क्षेत्रमा हुने व्यापार अवरोधहरू घटाउँदै लैजाने र विश्वको गरिबी न्यूनीकरण गर्ने लक्ष्य बोकेको छ । यो वार्ता सन् २००४ को अन्त्यसम्ममा सम्पन्न भइसक्नुपर्ने थियो, तर विकसित राष्ट्रले कृषिमा दिँदै आएको अनुदान तथा विकासोन्मुख राष्ट्रहरूको कृषि एवम् गैरकृषि वस्तुको बजार पहुँचका विषयमा सदस्यहरूको असहमति कायम रहेका कारण हालसम्म यो वार्ता सफल हुन सकेको छैन । चार महत्त्वपूर्ण व्यापारिक साझेदार अमेरिका, युरोपेली संघ, भारत र ब्राजिलबीच सन् २००७ को जुनमा सहमति हुन नसकेपछि वार्ता स्थगित भएको थियो ।

दोहा चरणलाई सफल बनाउन कृषि र औद्योगिक वस्तु-व्यापारसम्बन्धी नयाँ प्रस्ताव प्रस्तुत गरिएको छ । यस अन्तर्गत अमेरिकाले दिँदै आएको कृषि अनुदान हालको वार्षिक १९ अर्ब डलरबाट १६.२ अर्ब डलरभन्दा कममा झार्नुपर्नेजस्ता प्रस्ताव विकासोन्मुख मुलुकले राखेका छन् । यसै गरी २७ विकासोन्मुख मुलुकले पनि औद्योगिक वस्तुको आयातमा लगाउँदै आएको भन्सार महसुल २३ प्रतिशतभन्दा कममा झार्नुपर्ने हुन्छ, तर ब्राजिल र भारतले भने सो भन्सार महसुललाई ३० प्रतिशतमा कायम राख्ने बताएका छन् ।

विकसित मुलुकद्वारा कृषि क्षेत्रमा दिइँदै आएको अनुदानले कृत्रिम रूपमा कृषि वस्तुको मूल्यलाई नियन्त्रण गरेको र यसले विश्व बजारमा विकासोन्मुख राष्ट्रको कृषि उत्पादनलाई प्रतिस्पर्धा गर्नबाट रोकेको विकासोन्मुख राष्ट्रले बताउँदै आएका छन् । अर्कातर्फ धनी मुलुकले भने विकासोन्मुख मुलुकको उच्च भन्सार महसुलका कारण आफ्ना औद्योगिक उत्पादन ती मुलुकमा निर्यात हुन नसकेकाले ती मुलुकले लगाउँदै आएको उच्च भन्सार महसुल घटाउनुपर्ने कुरामा जोड दिँदै आएका छन् ।

यसका अतिरिक्त विकासोन्मुख एवम् अल्पविकसित राष्ट्रहरूलाई अन्तर्राष्ट्रिय व्यापारमा सहभागी बनाउन व्यापारका लागि अनुदानका विषयमा छलफल सुरू भएको छ । दोहा चरणको वार्ता यस वर्षको अन्त्यसम्ममा पूरा गरिने लक्ष राखिएको छ ।

# एड्सको औषधि: ब्राजिलमा आयात गर्न इजाजत पत्र

**ब्राजिलका** ३८ प्रतिशत एचआईभी/एड्सका रोगीहरूले प्रयोग गर्दै आएको इफाभाइरेन्ज स्टोक्रिनको औषधीको सस्तो संस्करण आयात गर्न ब्राजिल सरकारले अनिवार्य इजाजतपत्र जारी गरेको छ । अमेरिकी पेटेन्टधारक कम्पनी मर्कसँग औषधीको मूल्य सस्तो गर्ने विषयमा भएको वार्ता असफल भएपछि ब्राजिल सरकारले यस्तो कदम चालेको हो । सन् २००१ देखि नै पेटेन्ट गरिएका औषधीहरू अत्यन्त महँगा भएकाले सस्तो नगरेमा अनिवार्य इजाजतपत्र जारी गर्ने धम्की दिँदै आएता पनि ब्राजिलले यस्तो इजाजतपत्र भने जारी गरेको थिएन । सन् २००१ मा विश्व व्यापार संगठनको जनस्वास्थ्य तथा व्यापार नीतिसम्बन्धी घोषणापत्र, व्यापारसँग सम्बन्धित बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी सम्झौता (ट्रिप्स) र जनस्वास्थ्यसम्बन्धी दोहा घोषणापत्रले सदस्य राष्ट्रहरूलाई जनस्वास्थ्य र बौद्धिक सम्पत्ति अधिकारमध्ये कुनलाई प्राथमिकता प्रदान गर्ने भन्ने विषयमा निर्णय गर्न सक्ने अधिकार प्रदान गरेका




छन् । ट्रिप्स सम्झौताको धारा ३१ ले पेटेन्टधारकको स्वीकृतिबिना आकस्मिक, आपत्कालीन अवस्थामा वा सरकारी प्रयोगका लागि (व्यवसायिक प्रयोग नहुने) पेटेन्ट गरिएका वस्तुको स्वदेशमा नै उत्पादन र बिक्री-वितरण गर्न सदस्य राष्ट्रलाई छुट हुने गरी अनिवार्य इजाजतपत्र जारी गर्न पाउने व्यवस्था गरेको छ ।

अनिवार्य इजाजतपत्र जारी गर्न सामान्यतया तीन चरणको प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । जसअनुसार अनिवार्य इजाजतपत्र जारी गर्ने राष्ट्रले सो वस्तु जनहितको विषय रहेको घोषणा गर्नुपर्ने, सम्बन्धित कम्पनीसँग मूल्य घटाउने विषयमा वार्ता गरेको हुनुपर्ने र वार्ता असफल भएकाले नै वाध्य भई इजाजतपत्र जारी गर्न लागिएको घोषणा गर्नुपर्ने हुन्छ । यसअनुसार आफूले अनिवार्य इजाजतपत्र जारी गर्न कानूनसङ्गत आवश्यक प्रक्रिया पूरा गरिसकेको ब्राजिलले जनाएको छ । ब्राजिलले सो वस्तु जनहितको विषय रहेको घोषणा गरेपछि भएको वार्तामा मर्कले उक्त औषधिको प्रचलित मूल्य प्रतिट्याबलेट १.५९ अमेरिकी डलरमा ३० प्रतिशत छुट प्रदान गर्ने प्रस्ताव राखेकोमा अन्यत्र सोही औषधी ०.४५ अमेरिकी डलरमा पाउन सक्ने कारण देखाउँदै ब्राजिलले प्रस्ताव अस्वीकार गरेको थियो । यसरी वार्ता असफल भएपछि मात्र अन्ततः अनिवार्य इजाजतपत्र जारी गरेको थियो । ब्राजिलको यस कदमलाई जनस्वास्थ्यको क्षेत्रमा काम गर्नेहरूले स्वागत गरेका छन् भने मर्कलगायत अन्य व्यापारिक तथा अनुसन्धान गर्ने कम्पनीहरूले भने विरोध गरेका छन् ।

# उत्पत्तिको नियम र नकारात्मक सूचीमा सहमति

**बङ्गलादेशको** ढाकामा हालै सम्पन्न बिमस्टेक व्यापार वार्ता समितिको १५ औं बैठकमा नकारात्मक सूची, उत्पत्तिको नियम र भन्सार कटौती विधिका सम्बन्धमा सदस्यहरूका बीच सहमति कायम भएको छ । जसअनुसार तत्काल खुला गर्न नसकिने नकारात्मक सूचीमा परेका वस्तुमा भन्सार कटौती नहुने हुँदा यस्तो सूचीलाई सानो बनाई हाल कायम २५ प्रतिशतबाट भन्सार दरबन्दी १५ प्रतिशतमा राखिने कुरा बैठकमा सहमति भएको छ ।

उत्पत्तिको नियमतर्फ विकासोन्मुख सदस्य राष्ट्रका लागि ३५ र अल्पविकसितलाई ३० प्रतिशत मूल्य अभिवृद्धि कायम गर्ने सहमति पनि भएको छ । मूल्य अभिवृद्धिको यो सर्त पूरा गर्ने वस्तुले मात्र बिमस्टेक क्षेत्रमा भन्साररहित प्रवेश पाउनेछन् । भन्सार कटौती विधिको सम्बन्धमा पनि स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर गरेपछि नेपाललगायत अल्पविकसित सदस्य राष्ट्रले १० वर्षको अवधिमा आफ्नो भन्सार ० देखि ५ प्रतिशतमा झार्नुपर्नेछ । विकासोन्मुख मुलुकले भने अल्पविकसित साझेदारका लागि ३ वर्ष र विकासोन्मुखका लागि ५ वर्षमा भन्सार घटाउनुपर्ने सहमति भएको छ । व्यापार वार्ता समितिले नेपाल, बङ्गलादेश र भुटानजस्ता अल्पविकसित देशलाई विशेष सहुलियत दिने निर्णयसमेत गरेको छ ।

सबै सदस्य राष्ट्रले ढाकाको सहमतिलाई आ-आफ्नो सरकारसमक्ष पेस गर्ने र स्वीकृति लिएर भारतको नयाँ दिल्लीमा बस्ने अर्को बैठकमा सो विषयको टुङ्गो लगाउने निर्णय भएको छ । सदस्य राष्ट्रहरूले नयाँ दिल्लीमा सन् २००८ फेब्रुअरीमा हुने बिमस्टेक शिखर सम्मेलनमा स्वतन्त्र व्यापार क्षेत्रसम्बन्धी सम्झौतामा हस्ताक्षर हुने विश्वास लिएका छन् ।

यसले बिमस्टेक सदस्य राष्ट्रहरूबीच खुला व्यापार प्रणाली लागू हुने र दक्षिण एशिया र दक्षिण-पूर्वी एशियाका १ अर्ब ३० करोड जनतालाई एउटै मञ्चभित्र आबद्ध गर्नेछ । लामो समयदेखि नकारात्मक सूची र उत्पत्तिको नियममा सहमति नभएकाले स्वतन्त्र व्यापार क्षेत्रको संरचना तयार हुन सकेको थिएन । बिमस्टेकमा नेपाल, भारत, बङ्गलादेश, भुटान, श्रीलङ्का, थाइल्यान्ड र म्यानमार सदस्य छन् ।

# एशियामा उच्च आर्थिक असमानता

**नेपाल,** भारत, चीन, बङ्गलादेशलगायतका एशियाली मुलुकमा धनी र गरिबबीचको असमानता उच्च रूपमा बढेको एशियाली विकास बैंक (एडीबी) को *इनइक्वालिटी इन एशिया* नामक प्रतिवेदनले देखाएको छ । प्रतिवेदनअनुसार एशियाली मुलुकहरूमध्ये सम्पन्न र विपन्नबीचको अन्तर सबैभन्दा बढी नेपालमा छ, जसअनुसार नेपालमा सम्पन्न र विपन्नबीचको असमानताको सूचकाङ्क झन्डै १० प्रतिशत बिन्दुमा कायम रहेको छ । स्मरण रहोस्, सरकारी तथ्यांकअनुसार यो ७ प्रतिशत बिन्दु मात्र रहेको उल्लेख गरिँदै आइएको छ । यो सूचकाङ्क शून्यमा रहे आर्थिक समानता भएको मानिन्छ भने जति बिन्दुले सूचकाङ्क प्रतिशत बढ्छ त्यति नै असमानता रहेको मानिन्छ । अध्ययनले नेपालपछि सम्पन्न र विपन्नबीचको दूरी चीनमा बढेको देखाएको छ । चीनमा सम्पन्न र विपन्नबीचको असमानताको सूचकाङ्क झन्डै ६ प्रतिशत बिन्दुको हाराहारीमा कायम रहेको पाइएको छ ।



नेपाल र चीनपछि क्रमशः कम्बोडिया, भारत, दक्षिण कोरिया, ताइवान र भियतनाममा सम्पन्न र विपन्नबीचको दूरी ठूलो मात्रामा बढेको कुरा उल्लेखित प्रतिवेदनले देखाएको छ । आर्थिक वृद्धिलाई आर्थिक समानतासँगै जोड्दै आएका भारत, चीनलगायत राम्रो आर्थिक वृद्धिदर भएका एशियाली मुलुकहरूमा अहिले धनी झन् धनी र गरिब झन् गरिब हुने क्रममा तीव्रता आएको छ ।

आर्थिक असमानताले गरिबहरू आधारभूत आवश्यकताबाट समेत वञ्चित हुनुपरेको प्रतिवेदनमा उल्लेख छ । यी देशहरूमा बढेको आर्थिक असमानता कम गर्नका लागि नीतिगत सुधार, बजारमुखी अर्थतन्त्र र अन्तर्राष्ट्रिय एकताजस्ता कुराको आवश्यकता रहेको सुझाव प्रतिवेदनले दिएको छ । प्रतिवेदनले विश्वव्यापीकरण, प्रविधिको उपयोग र बजारमुखी अवधारणालाई सही रूपमा व्यवस्थापन गर्न नसक्नुलाई नै गरिब र धनीबीचको खाडल बढ्नुको प्रमुख कारणसमेत मानेको छ ।

# भारतीय बजार चुनौतीपूर्ण

**बङ्गलादेशको** ढाकामा हालै सम्पन्न वाणिज्य सचिवस्तरीय सार्क आर्थिक समितिको १३ औं बैठकमा भारतले अल्पविकसित सार्क सदस्य राष्ट्रका केही उत्पादनलाई यस वर्षभित्र भन्साररहित बजार सुविधा दिने प्रतिबद्धता जनाएको छ ।

भारतको यस्तो निर्णयले नेपाली उत्पादनले भारतीय बजारमा चर्को प्रतिस्पर्धाको सामना गर्नुपर्ने हुन्छ । हाल द्विपक्षीय वाणिज्य सन्धिअन्तर्गत भारत निकासी हुने अधिकांश नेपाली वस्तुले भन्सार तिर्नुपर्दैन । नेपालबाट भारत निकासी हुने तयारी पोसाकमा भने ४ प्रतिशत काउन्टरभेलिङ र ४ प्रतिशत विशेष अतिरिक्त महसुल लाग्ने गरेको छ, जबकि बङ्गलादेशी तयारी पोसाकले करिब १५ प्रतिशत भन्सारलगायत अन्य महसुल तिर्दै आएको छ ।

यो निर्णय झट्ट हेर्दा नेपालका लागि सकारात्मक जस्तो देखिए पनि कार्यान्वयनमा आएपछि नेपालले यस क्षेत्रका अन्य मुलुक खास गरेर बङ्गलादेशी तयारी पोसाकसँग खुला प्रतिस्पर्धा गर्नुपर्ने कारणले नेपालको लागि भारतीय बजार चुनौतीपूर्ण हुने अनुमान विज्ञहरूले गरेका छन् ।

# नेपाल १४२ औं स्थानमा

**संयुक्त** राष्ट्र संघीय विकास कार्यक्रम (यूएनडीपी) ले तयार गरेको मानव विकास प्रतिवेदन, २००६/०७ मा नेपाल १ सय ७७ मुलकमध्ये १ सय ४२ औं स्थानमा रहेको छ ।

नेपालबाट प्राप्त तथ्याङ्कका आधारमा सन् २००५/०६ को प्रतिवेदनमा नेपाल १ सय ३६ औं स्थानमा रहेको थियो, तर सम्पूर्ण तथ्याङ्कको आधारमा पछि सो परिमार्जन गर्दा नेपाल १ सय ४४ औं स्थानमा परेको थियो ।

आयु, शिक्षा र जीवनस्तर गरी तीन क्षेत्रमा सुधार गरे पनि नेपालको स्थान अझै दक्षिण एशियामै सबैभन्दा पछि रहेको छ । प्रतिवेदनअनुसार नेपालीको आयु गत वर्षको ६२ दशमलव १ बाट बढेर ६२ दशमलव ६ वर्ष पुगेको छ । यसै गरी प्राथमिक, माध्यमिक र उच्च शिक्षाका लागि विद्यार्थीको खुद भर्ना दर गत वर्षको ५६ दशमलव १ बाट बढेर ५८ दशमलव १ प्रतिशत पुगेको छ । प्रतिवेदन अनुसार नेपाली क्रयशक्ति १० डलरले बढेर १ हजार ५ सय ५० डलर पुगेको छ ।

दैनिक १ अमेरिकी डलरभन्दा कम आमदानी हुनेहरूको गरिबी सूचकाङ्क अनुसार १ सय ८ विकासोन्मुख देशहरूमध्ये नेपाल ८४ औं स्थानमा रहेको छ । ४० वर्षभन्दा बढी नबाँच्ने जनसङ्ख्याको अनुपात १७ दशमलव ४ प्रतिशत छ भने ४८ प्रतिशत जनता उमेरको तुलनामा कम तौलका छन् । प्रतिवेदनले नेपालको लैङ्गिक असमानता पनि उच्च देखाएको छ । लैङ्गिक विकासमा आधारित सूचकाङ्क अनुसार नेपाल १ सय ३४ औं स्थानमा पुगेको छ ।

यस वर्षको प्रतिवेदन जलवायु परिवर्तनले परिरहेको प्रभावमा केन्द्रित छ । जलवायु परिवर्तन विरुद्धको लडाइँः मानवीय ऐक्यबद्धता शीर्षकको प्रतिवेदनले संसारभर खडेरी, बाढी, आँधी आदिले स्रोत विनाश गर्नुका साथै असमानता बढाएको जनाएको छ ।

# एन्टी डम्पिङ ऐनको मस्यौदा तयार

**स्वदेशी** उद्योगको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न राष्ट्रहरूले एन्टी डम्पिङ ऐन लागू गरिसकेको परिप्रेक्ष्यमा नेपालमा पनि एन्टी डम्पिङ तथा काउन्टरभेलिङ महसुल ऐनको मस्यौदा तयार पारिएको छ । विदेशबाट सस्तोमा नेपाल भित्रिएका वस्तुका कारण उद्योगहरू प्रतिस्पर्धा गर्न नसकी धराशायी हुन लागेको गुनासो उद्यमीहरूले गरिरहेको अवस्थामा यस्ता आयातलाई निरूत्साहित गरी स्वदेशी उद्योगलाई संरक्षण गर्ने प्रमुख उद्देश्यले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यो ऐन ल्याउने तयारी गरेको हो ।

ऐनको मस्यौदामा प्रचलितभन्दा कम मूल्यमा नेपाल आयात गरिएका वस्तुलाई डम्प गरिएको वा अनुदानमा आएको वस्तुको श्रेणीमा राखी त्यस्ता वस्तुले नेपाली उद्योग वा उत्पादनलाई नकारात्मक असर वा नोक्सानी पुऱ्याएमा एन्टी डम्पिङ अनुसन्धान अधिकारी नियुक्त गरी तिनको सिफारिसमा महसुल तथा अतिरिक्त महसुल लगाउन सकिने व्यवस्थासमेत गरेको छ ।


# नेपालमा जिन बैंक

जैविक विविधतामा अति धनी देश नेपालमा जिन बैंकको अभावमा कृषिजन्य आनुवंशिक स्रोत नष्ट हुँदै गएकाले तिनको संरक्षण गर्ने उद्देश्यले अत्याधुनिक जिन (अनुवंश) बैंक स्थापना गरिने भएको छ ।

विगत २० वर्षभन्दा बढी समयदेखि जिन बैंक स्थापनाको माग गरिँदै आएको भएतापनि यस वर्षको बजेटमा सरकारले यसका लागि डेढ करोड रूपियाँ छुट्याएपछि यो स्थापना हुने निश्चित भएको छ । यसका लागि संयुक्त राष्ट्र संघीय खाद्य कृषि संगठनले प्राविधिक सहयोग समेत उपलब्ध गराउने भएको छ ।

जिन बैंकमा शुरूमा बालीनाली र केही वर्षपछि पशुको जिन सङ्कलन र संरक्षण गरिने योजना छ । कम तापक्रम (माइनस २० डिग्री सेल्सियस), तरल नाइट्रोजन र तन्तुप्रविधिको प्रयोग गरी जिनलाई कम्तीमा १ सय वर्षसम्म सुरक्षित राख्न सकिने हुँदा यो बैंकको स्थापनाबाट जैविक उपजमाथि संरक्षण कायम राखिराख्न ठूलो मदत पुग्ने विश्वास गरिएको छ ।

# इलामको चिया बजार सङ्कटमा



**इलामको** एक चिया कारखानाले प्रयोगशाला परीक्षणका लागि युरोपमा पठाएको नमुनामा विषादी भेटिएपछि यो वर्ष पनि इलामको चिया युरोप निर्यात गर्न समस्या देखिएको छ । उद्योगले पठाएको नमुनामा मानव स्वास्थ्यका लागि हानिकारक विषादी भेटिएको प्रतिवेदनले देखाएको छ । जर्मन चिया परिषद् र युरोपेली चिया समितिले सन् २००३ नोभेम्बरमा खाद्य पदार्थमा रहने विषादीको मापदण्ड निर्धारण गरेपछि इलाममा उत्पादित अर्थोडक्स चियाको अन्तर्राष्ट्रिय बजार सङ्कटमा पर्न थालेको हो । बढी चिया उत्पादन गर्नका लागि यहाँका किसानले अत्यधिक मात्रामा विषादी प्रयोग गर्ने गरेको र चियापत्ती उत्पादन गर्दा किसानले आचारसंहिता पालन नगरेको कारण नमुनामा विषादी भेटिएको मानिन्छ । यसको कारण केही वर्षयता इलामका विभिन्न उद्योगबाट युरोपमा हुने गरेको चिया निर्यातमा क्रमशः गिरावट आएको छ । यहाँ उत्पादित तयारी चियामा अत्यधिक विषादीको प्रयोग भएको प्रतिवेदनमा देखिएपछि पूर्वका अन्य चिया उद्योगहरूले प्रयोगशाला परीक्षणका लागि नमुना पठाउन छाडेका छन् ।

## समाचार स्रोत

अन्नपूर्ण पोष्ट, अभियान साप्ताहिक, इन्टलेक्चुअल प्रोपर्टी वाच, कान्तिपुर, गोरखापत्र, दि हिमालयन टाइम्स, दि राइजिङ नेपाल, नेपाल समाचारपत्र ।

# आर्थिक समृद्धिका लागि औद्योगिक क्रान्ति

हाम्रा नयाँ योजना तथा नीतिहरूको यदि प्रभावकारी कार्यान्वयन होस् भन्ने चाहना राख्ने हो भने त्यसमा उल्लेख भएका *गरिनेछ* भन्ने शब्दहरूका साथै *यसरी गरिनेछ* भन्ने कुरा स्पष्ट गरिनु पर्नेछ ।

■ **शिवराज भट्ट**




अहिले मुलुकमा दिगो शान्ति ल्याउने प्रयास भइरहेको छ । यसका लागि राजनैतिक तथा आर्थिक समस्याहरूको समानान्तर समाधान आवश्यक हुन्छ । तसर्थ राजनैतिक शान्तिका लागि संविधान सभा आवश्यक ठानी यो सम्पन्न गराउन आवश्यक तयारी गरिँदैछ । त्यस्तै आर्थिक समृद्धिका लागि भर्खरै मात्र राष्ट्रिय योजना आयोगले त्रिवर्षीय (अन्तरिम) योजना तयार पारी नेपाल सरकारलाई बुझाएको छ । गरिबी, बेरोजगारी, अशिक्षा इत्यादि दिगो शान्तिको मार्गका ठूला बाधक हुन् भन्ने तथ्यलाई हृदयङ्गम गरी यस योजनाले शान्ति स्थापनामा सघाउ पुर्‍याउन विशिष्ट लक्ष्यहरू लिएको छ । *देशमा विद्यमान बेरोजगारी तथा गरिबी घटाएर दिगो शान्ति स्थापना गरी आम जनताको जीवनमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने* उद्देश्य योजनाले लिएको छ । यस उद्देश्य प्राप्तिका क्रममा आर्थिक वृद्धिको लक्ष्य ५.५ प्रतिशत निर्धारण गरिएको छ जसले प्रतिव्यक्ति आयमा ३.३ प्रतिशत वृद्धि र गरिबी हालको ३१ प्रतिशतबाट झारेर २४ प्रतिशतमा ल्याउने अनुमान गरिएको छ ।

बेरोजगारी तथा गरिबी घटाउन उद्योगहरूको विकास र व्यापार प्रवर्द्धन गर्नु आवश्यक छ जसका लागि औद्योगिक वातावरणमा सुधार, नीतिगत एवम् संस्थागत सुधार, औद्योगिक एवम् व्यवसायिक पूर्वाधार र सेवाको विकास तथा विस्तार, साना, मझौला तथा घरेलु उद्योगहरूको विस्तार र प्रवर्द्धन तथा शान्तिको प्रत्याभूति आवश्यक छ । साथै रोजगारीमूलक, फराकिलो एवम् समावेशी आधारसहितको आर्थिक आधार तयार गर्न निजी तथा सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउने, रोजगारी र सहभागितामूलक आयोजनाहरूको कार्यान्वयन एवम् विपन्न तथा पिछडिएका वर्गका लागि कुरा योजनामा उल्लेख छ । औद्योगिक तथा व्यवसायिक पूर्वाधारको विकास, निजी क्षेत्रलाई प्रोत्साहित गर्ने यसका निम्ति निर्यात प्रवर्द्धनका लागि नयाँ सोच, रोजगारीका अवसरलाई प्रवर्द्धन, वैदेशिक लगानीलाई आकर्षित, औपचारिक तथा अनौपचारिक क्षेत्रलाई समेट्दै राष्ट्रिय पूँजी निर्माण, समग्र आर्थिक विकासमा योगदान दिने आर्थिक गतिविधिलाई प्रश्रय दिनेजस्ता कार्यक्रमलाई योजनामा राखिएको पाइन्छ । यी कुराहरूका अतिरिक्त योजनाले विदेशस्थित नेपाली कूटनैतिक नियोगहरूलाई आर्थिक कूटनीतिका माध्यमबाट वैदेशिक व्यापार विकास सहयोग, श्रमिक व्यवस्थापन र पर्यटन प्रवर्द्धनजस्ता कार्य प्राथमिकताका साथ सञ्चालन गरिने, क्षेत्रगत मन्त्रालयहरू तथा कार्यक्रमहरूबीच अझै प्रभावकारी समन्वय गर्ने, वैदेशिक रोजगारीको क्षेत्रलाई विशेष आर्थिक कार्यक्रम सञ्चालन र मुलुकमा लगानी मैत्री वातावरणको सिर्जना गर्नुपर्नेछ । संक्षेपमा भन्नुपर्दा औद्योगिक क्रान्तिबिना आर्थिक समृद्धि हुन सक्दैन र यसको अभावमा दिगो शान्तिको लक्ष्य प्राप्त गर्न कठिन हुने देखिन्छ । यही कुरालाई ध्यानमा राखी औद्योगिक क्रान्ति र शान्तिका लागि आवश्यक पूर्वाधारहरूको प्रत्याभूतिको प्रतिबद्धता योजनामा व्यक्त गरिएको छ ।

योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू हासिल गर्न उद्योग तथा व्यापार प्रवर्द्धनका लागि बजारमुखी उदार अर्थव्यवस्थालाई आत्मसात् गर्दै सरकारी, सहकारी तथा निजी क्षेत्रको माध्यमबाट लोककल्याणकारी आर्थिक विकास गर्ने नीति अवलम्बन गर्ने

# उद्योगसँग सम्बन्धित नीतिहरू

**उद्योग नीति**अन्तर्गत नीतिगत, संस्थागत तथा आधारभूत संरचनाहरूको विकास गरी उद्योग क्षेत्रमा भएका सुरक्षाको समस्या, मजदुर हडताल, जटिल कानूनी संरचना, आवश्यक भौतिक पूर्वाधारको कमीजस्ता चुनौतीहरूको सामना गर्न औद्योगिक प्रवर्द्धनका लागि आवश्यक कानून, नीति तथा संरचनाहरूमा आवश्यकता अनुसार परिमार्जन एवम् सुधार गर्ने; उद्यमशीलता विकास एवम् आयमूलक रोजगारी अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरी द्वन्द्व प्रभावित र पछाडि परेका जनसमुदायलाई लघु उद्यममा सहभागी गराइने; औद्योगिक प्रक्रियालाई सरल, सहज, पारदर्शी, वैज्ञानिक र समयानुकूल बनाउन नयाँ औद्योगिक नीति कार्यान्वयनमा ल्याउने तथा लघु उद्यमीहरूको समस्यालाई सम्बोधन गर्न **लघु उद्यम विकास नीति** कार्यान्वयनमा ल्याउने व्यवस्था गरिएको छ ।

**वाणिज्य नीति**अन्तर्गत तुलनात्मक र प्रतिस्पर्धी लाभ भएका निकासीजन्य उत्पादनहरूको पहिचान गरी नेपाली उत्पादनलाई स्थापित गर्न तथा विश्व व्यापार संगठनले खुला गरेको सेवा क्षेत्रबाट लाभ लिई स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गरी गरिबी निवारणमा सहयोग पुऱ्याउने उद्देश्य पूरा गर्न उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने एवम् आपूर्ति पक्षलाई सबल तुल्याउनका लागि वाणिज्य क्षेत्रको विकास गर्ने; व्यापार सम्बन्धी भौतिक संरचना र पूर्वाधारको विकास गर्ने; नीतिगत सुधारका कार्यहरूजस्तै नयाँ वाणिज्य, औद्योगिक र वैदेशिक लगानी नीतिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउने; निर्यात व्यापार प्रवर्द्धन एवम् बजार पहुँचका उपायहरू अवलम्बन गर्ने तथा निर्यात विकास गर्न उपयुक्त वाणिज्य र औद्योगिक वातावरण सिर्जना गर्न आवश्यक वस्तु तथा सेवाहरूको आयात गर्नका लागि आयात नीतिलाई उपयोग गर्ने; व्यापार सहजीकरणका कार्यहरू जस्तै भन्सार प्रक्रियाको सरलीकरण, पारवहन र गुणस्तर प्रमाणीकरणसम्बन्धी प्रक्रियाका आधार नीति–नियमहरूलाई व्यापार साझेदार मुलुकहरू (भारत, चीन आदि) सँग मेल खाने किसिमले सुधार गर्ने; दुई विशाल छिमेकी अर्थतन्त्रको विकासको लाभलाई औद्योगिक तथा वाणिज्य विकासको माध्यमबाट आन्तरिकीकरण गर्ने; संस्थागत सुधारका साथै व्यापारको क्षेत्रमा क्षमता अभिवृद्धि तथा दक्ष जनशक्तिको विकास गरिने एवम् तुलनात्मक र प्रतिस्पर्धी लाभ भएका निकासीजन्य उत्पादनहरूको पहिचान, विकास र बजार विविधीकरण तथा निकासी व्यापारको पृष्ठ र अग्र सम्बन्ध विस्तार गरिने नीतिहरू योजनामा राखिएका छन् ।

उद्योग तथा वाणिज्य क्षेत्रमा प्रत्यक्ष तथा गहन प्रभाव पार्ने अन्य नीतिहरूमा **विदेशी लगानी, विदेशी विनिमय तथा श्रम नीतिहरू** पर्दछन् । तसर्थ विदेशी लगानी नीतिअन्तर्गत आन्तरिक बजारबाट मात्र विकासका निम्ति आवश्यक वित्तीय साधन पर्याप्त नहुने भएकाले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा विदेशी लगानी भित्र्याउन नेपालीहरूसँग संयुक्त लगानी गर्न इच्छुक विदेशी व्यक्ति तथा संस्थाहरूलाई व्यापारिक तथा अन्य आर्थिक विकाससँग सम्बन्धित क्षेत्रमा लगानी गर्न आकर्षित गर्ने तथा गैर आवासीय नेपालीहरूको पूँजी लगानीका लागि प्रभावकारी नीति अवलम्बन गर्ने कुराको उल्लेख योजनामा गरिएको छ ।

व्यवस्थित बनाई विप्रेषण रकमलाई उत्पादन क्षेत्रतर्फ प्रवाहित गर्ने, इत्यादि नीतिहरूलाई समाहित गरेको देखिन्छ ।

यसै गरी यथार्थ विनिमय दर कायम गरी निर्यात व्यापारलाई बढाउने, वैदेशिक लगानी आकर्षित गर्ने, आयातलाई प्रतिस्पर्धात्मक तुल्याउने, चालू खाता घाटालाई कुल गार्हस्थ्य उत्पादनको निश्चित प्रतिशतभन्दा अधिक हुन नदिने तथा आर्थिक आधार बलियो बनाउने कुरा योजनामा छन् ।

यसै क्रममा नेपालको अर्थतन्त्रमा विदेशमा गई रोजगार गर्ने नेपालीको ठूलो योगदान रहेको देखिन्छ । यस परिप्रेक्ष्यमा यस वर्ग (श्रमिक) को अधिकारको संरक्षण गर्नु अर्थतन्त्रका लागि ज्यादै महत्त्वपूर्ण हुने देखिन्छ । यस कुरालाई वर्तमान योजनाले हृदयङ्गम गरी कामदार तथा कर्मचारीहरूको आधारभूत हक-अधिकारको सुरक्षाका साथै स्वदेशी तथा अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगारलाई प्रवर्द्धन गर्ने तथा भरपर्दो र सुरक्षित बनाउनका लागि विद्यमान कानूनी र संस्थागत प्रावधानहरूमा सुधार गर्ने प्रतिबद्धता जनाएको छ । यसका साथै कूटनैतिक संयन्त्रको विकास, आवश्यक सीप र तालिमको व्यवस्थाका साथै महिला मैत्री कानूनी प्रावधानहरूको व्यवस्था गरी वैदेशिक रोजगारमा महिलाहरूलाई प्रोत्साहन गर्ने तथा श्रमिकहरूको हक-हित र सुरक्षा सुनिश्चित गरी कामदार, कर्मचारी तथा व्यवस्थापनबीच सुसम्बन्ध अभिवृद्धि एवम् औद्योगिक शान्ति कायम गर्न आवश्यक संयन्त्रहरू तयार गरिनेछ भन्ने कुराहरूसमेत योजनामा परेका छन् ।

राष्ट्रिय योजना आयोगले अन्तरिम योजनाको माध्यमबाट मुलुकमा आर्थिक समृद्धि ल्याउन एउटा बृहत् मार्गचित्र दिएको छ । खास गरी योजनामा बारम्बार प्रयोग भएको शब्द *'गरिनेछ'* लाई वास्तवमा गरेर देखाउन उपयुक्त कार्यक्रमहरू र तिनका लागि आवश्यक साधन तथा स्रोतहरूको व्यवस्थापन तथा कार्यक्रमहरूको प्रगतिको लेखाजोखा गर्ने प्रणालीको निरूपण गर्नुपर्ने हुन्छ । योजनामा व्यक्त गरिएका कुरालाई कार्यान्वयनमा ल्याउनुपर्ने दायित्व अहिले नेपाल सरकारका सम्बन्धित मन्त्रालय, विभाग तथा अन्य निकायहरूका लागि ठूलो चुनौतीका रूपमा रहेको छ ।

यस क्रममा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले (जसले मुलुकको उद्योग र वैदेशिक व्यापारसम्बन्धी नीतिको तर्जुमा गर्ने अभिभारा बोकेको छ) पनि समयसापेक्ष उद्योग, व्यापार तथा लगानी नीतिको तर्जुमा गर्नुपर्ने र त्यसका लागि आवश्यक विशिष्ट कार्यक्रम र स्रोतहरूको व्यवस्थापनका लागि समयमा नै पहल गर्नुपर्ने देखिन्छ । हाल कार्यान्वयनमा रहेका उद्योग, वाणिज्य तथा लगानीसम्बन्धी नीतिहरू झन्डै डेढ दशक पुराना भइसकेका छन् र तिनले परिवर्तित नेपाल तथा विश्वको राजनैतिक र आर्थिक परिवेशलाई उपयुक्त ढङ्गले सम्बोधन गर्न सक्दैनन् ।

अन्तमा, अन्तरिम योजनामा निर्दिष्ट गरिएका नीति तथा कार्यक्रमहरूलाई सम्पन्न गरी तिनले राखेको लक्ष्य प्राप्ति गर्ने सन्दर्भमा कार्यान्वयन गर्ने जिम्मेवार निकाय तथा समयतालिकाका सम्बन्धमा किटानीसाथ स्पष्ट व्यवस्था गरिनु आवश्यक हुन्छ । तब मात्र नयाँ नीतिहरू ***शान्त तथा समृद्ध नव नेपाल***को परिकल्पना निर्माणमा सहयोगी हुन सक्नेछन् ।

भट्ट संयुक्त राष्ट्रसंघअन्तर्गत नेपालको व्यापारसम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रममा कार्यरत हुनुहुन्छ ।

# बिरूवाको जातमा कृषक अधिकार



नव नेपालको परिकल्पनालाई साकार बनाउने हो भने कृषक अधिकारको विषयलाई राजनैतिक परिधिमा मात्र होइन, बदलिँदो आर्थिक–व्यापारिक परिवेशमा पनि विश्लेषण गरी कानूनी रुपमा व्यवस्थित गरिनुपर्दछ ।

■ **कमलेश अधिकारी**

कृषि विविधतामा धनी नेपालका ८६ प्रतिशत मानिस गाउँमा बस्छन् । यी मध्ये धेरैजसो साना कृषकका रूपमा कृषिमा संलग्न छन् । यी कृषकहरू व्यवसायका लागि होइन, जीविकोपार्जनका लागि खेती गर्छन् । त्यसैले नेपालको समग्र विकास र यहाँका मानिसहरूको गरिबी निवारण र जीविकोपार्जनको विषयमा छलफल गर्दा कृषि क्षेत्रको रूपान्तरण, सुधार र विकासको मुद्दालाई संवेदनशील र महत्त्वपूर्ण मानिन्छ ।

अहिले देशमा नयाँ राजनैतिक परिवेश छ र नव नेपालको परिकल्पनालाई साकार बनाउन राष्ट्र र राज्य व्यवस्थाकै रूपान्तरण र पूनर्संरचना के-कसरी गर्न सकिन्छ भनी विभिन्न तहमा बहसहरू भइरहेका छन् । देशको समग्र विकासमा कृषि क्षेत्रको भूमिकालाई मध्यनजर गरी कृषिका विभिन्न पक्षहरूमा पनि बहसहरू भइरहेका छन् । यस्ता बहसहरूमा राष्ट्रका साधन-स्रोतमा कृषक अधिकारको सुनिश्चितताका विषयमा समेत छलफल हुने परिपाटीलाई सकारात्मक रूपमा नै लिनुपर्छ । यद्यपि कृषक अधिकारका विषयमा हुने यस्ता छलफलहरू विशेष गरी राजनैतिक परिधिभित्र रही भूमि, सिँचाइ र अनुदानजस्ता पक्षमा मात्र केन्द्रित भएको देखिन्छ ।

वास्तवमा कृषिप्रधान मुलुकमा कृषक अधिकारको संरक्षणको विषयलाई एउटा सङ्कुचित दायरा र परिवेशमा मात्र हेर्नु भनेको कृषकको उत्थानका लागि आवश्यक फराकिलो सोचको अभाव हो । प्रगतिशील र समृद्ध नव नेपालको परिकल्पनालाई साकार बनाउने हो भने यस्तो विषयलाई राजनैतिक परिधिमा मात्र होइन, दूरदर्शिताका साथ बदलिँदो आर्थिक–व्यापारिक परिवेशमा पनि विश्लेषण गरी कानूनी रूपमा व्यवस्थित गर्नुपर्दछ ।

यस लेखमा नेपाल विश्व व्यापार संगठन (World Trade Organization– WTO) को सदस्य भएपछि यसअन्तर्गतको व्यापारसम्बन्धी बौद्धिक सम्पत्ति अधिकार सम्झौता (Agreement on Trade-Related Aspects of Intellectual Property Rights– TRIPS) ले बिरूवाको जात संरक्षणका लागि राखेको बौद्धिक सम्पत्ति अधिकारको प्रावधान र सदस्यता लिँदा उक्त प्रावधानमा नेपालले गरेको प्रतिबद्धताका कारण उब्जिएका केही महत्त्वपूर्ण सवालहरूको सम्बन्धमा कृषक अधिकारका विषयलाई प्रस्तुत गरिएको छ ।

## बिरूवाको जातमा बौद्धिक सम्पत्ति अधिकार

बौद्धिक सम्पत्ति अधिकार भनेको मानवीय विचार तथा ज्ञानको प्रयोगबाट कुनै व्यक्ति वा संस्थाले कुनै नयाँ वस्तु वा प्रविधि सिर्जना गर्दछ भने त्यस्तो सिर्जनाको व्यापारिक प्रयोगमा उक्त व्यक्ति वा संस्थालाई सरकारले प्रदान गर्ने एकलौटी अधिकार (एकाधिकार) हो । यस्तो अधिकार सिर्जना गरिएको वस्तु वा प्रविधिलाई जनसेवामा ल्याउन उत्प्रेरित गर्ने उद्देश्यले प्रदान गरिन्छ । TRIPS ले सबै सदस्य राष्ट्रका लागि ट्रेडमार्क, कपीराइट, भौगोलिक सूचक तथा पेटेन्टजस्ता व्यापारसँग सरोकार राख्ने विभिन्न प्रकारका बौद्धिक सम्पत्ति अधिकारलाई सम्झौतामा भएको प्रावधानबमोजिम राष्ट्रिय कानून बनाई कार्यान्वयन गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ ।

विशेष गरी विकसित मुलुकका कृषि वैज्ञानिक, प्रजनक र बहुराष्ट्रिय कम्पनीहरूको स्वार्थमा WTO भित्र राखिएको TRIPS सम्झौताअन्तर्गत सदस्य राष्ट्रहरूले बिरूवाको जात संरक्षणका लागि पनि बौद्धिक सम्पत्ति अधिकारको व्यवस्था अपनाउनुपर्ने प्रावधान राखिएको छ । TRIPS को धारा २७.३ (ख) मा राखिएको प्रावधानले बिरूवाको जातमा बौद्धिक सम्पत्ति अधिकारको व्यवस्था गर्न भनी सदस्य राष्ट्रहरूलाई तीनवटा विकल्पमध्ये एउटा विकल्पको प्रयोग गर्ने छुट दिएको छ– पेटेन्ट वा प्रभावकारी मौलिक पद्धति वा दुवैको संयोजन भएको व्यवस्था । नेपालले TRIPS को कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दा बिरूवाको जात संरक्षणका लागि प्रभावकारी मौलिक पद्धति अपनाउने अर्थात् छुट्टै राष्ट्रिय कानून ल्याउने प्रतिबद्धता जाहेर गरेको छ ।

## बिरूवाको जात संरक्षण र कृषक अधिकार

कृषि विकास र कृषक अधिकार संरक्षण गर्नका लागि नेपालमा उपलब्ध जैविक विविधताको संरक्षणका साथै त्यसको उपयोग गरी नयाँ कृषि बालीको विकास र प्रयोग गर्नु आवश्यक छ । परापूर्वकालदेखि हालसम्म नेपालको परिवेशमा कृषकहरूले परम्परागत ज्ञानको उपयोग गरी जैविक विविधताको संरक्षण मात्र होइन, प्रजनकको हैसियतले विभिन्न बालीहरूको विकास पनि गर्दै आएका छन् । नेपालको सन्दर्भमा यस्ता क्रियाकलापहरूनै कृषकको जीविकोपार्जनका प्रमुख आधार हुन्, तर TRIPS अन्तर्गतको बौद्धिक सम्पत्ति अधिकारको व्यवस्थाले कृषकको यस्तो योगदानलाई बेवास्ता मात्र गरेको छैन, कृषकको जीविकोपार्जनलाई चुनौती दिँदै कृषक अधिकारलाई पनि कुण्ठित पारेको छ ।

कृषि बाली विकास र खाद्य सुरक्षाका नाममा प्रायजसो विकसित राष्ट्रका कृषि वैज्ञानिक, प्रजनक र बहुराष्ट्रिय बीउ कम्पनीहरू जैविक प्रविधिको माध्यमबाट हाम्रोजस्तो मुलुकको जैविक विविधताको उपयोग गरी नयाँ बीउ–बिजनको बेचबिखनबाट व्यापारिक फाइदा मात्र लिइरहेका छैनन्, त्यस्ता बीउ-बिजनमा पेटेन्ट र प्रजनकको अधिकारजस्ता बौद्धिक सम्पत्ति अधिकार लिई एकलौटी रूपमा उत्पादन, पुनरूत्पादन र महँगो मूल्यमा व्यापार गर्ने एकाधिकार पनि प्राप्त गरिरहेका छन् । कतिपय अवस्थामा त त्यस्ता वैज्ञानिक, प्रजनक र

## बिरूवाको जात संरक्षण ऐनमा सुनिश्चित गर्नुपर्ने कृषक अधिकारहरू

### बौद्धिक सम्पत्ति अधिकारद्वारा संरक्षित बिरूवाको नयाँ जातमा कृषक अधिकार

- बौद्धिक सम्पत्ति अधिकारद्वारा संरक्षित बिरूवाको नयाँ जातको बीउलाई जीविकोपार्जनको उद्देश्यले जगेर्ना, साटासाट र पुन:प्रयोग गर्न पाउने र ब्रान्ड प्रयोग नगरी बेच्न पाउने अधिकार ।
- बिरूवाको नयाँ जातको प्रजनकले सो जात विकास गर्न कृषकको जात वा परम्परागत ज्ञान वा दुवैको उपयोग गरेको भए सो जात र सो जातको बीउको जैविक र व्यापारिक उपयोगबाट सिर्जित लाभमा समन्यायिक रूपमा हिस्सेदार बन्न पाउने अधिकार ।
- प्रजनकले सो जातको विकास गर्नुपूर्व सरकार र समुदायसँग पूर्वसुसूचित सहमति नलिएको र लाभको बाँडफाँड सम्झौता नगरेको वा सो जातउपर बौद्धिक सम्पत्ति अधिकार लिने क्रममा सही स्रोतस्थल, समुदाय र मूल जात नखुलाएको ठहर भएमा क्षतिपूर्ति पाउने वा सो जातमा स्वामित्व दाबी गर्न वा त्यस्तो स्वामित्व खारेज गर्न पाउने अधिकार ।
- प्रजनकले सो जातको खराब बीउ आपूर्ति गरेको वा गलत सूचना दिएको कारणले कृषकलाई हानि-नोक्सानी भए उचित क्षतिपूर्ति पाउने अधिकार ।
- प्रजनकले सो जातको बीउ आपूर्ति नगरे वा आपूर्ति गर्दा बदनियतपूर्ण र गैरप्रतिस्पर्धात्मक ढङ्गले गरे सो जातको बीउउपर पहुँच पाउने अधिकार ।

### स्थानीय जात र परम्परागत ज्ञानमा कृषक अधिकार

- स्थानीय स्तरमा उपलब्ध र आफूले विकास गरेका बिरूवाका पुराना जात र सम्बन्धित परम्परागत ज्ञानलाई नि:शुल्क दर्ता गरी त्यस्तो जात र ज्ञानमा कानूनी रूपमा स्वामित्व पाउने अधिकार ।
- स्वामित्व पाएको जात र परम्परागत ज्ञानको जैविक र व्यापारिक उपयोगका लागि पूर्व सुसूचित र लाभको बाँडफाँड सम्झौता भएपछि मात्र पहुँचमा सहमति दिने अधिकार
- स्वामित्व पाएको जात र परम्परागत ज्ञानको हरेक जैविक र व्यापारिक उपयोगबारे सही सुचना र जानकारी पाउने अधिकार ।

बीउ कम्पनीहरूले 'पूर्वसुसूचित सहमति' बिना कृषकसँग कुनै बालीविशेषमा रहेको परम्परागत ज्ञानको समेत प्रयोग गरी नयाँ बीउ उत्पादन गर्ने र त्यसमा एकलौटी अधिकार कायम गर्न बौद्धिक सम्पत्ति अधिकार लिने गरेका छन् ।

TRIPS ले बिना कुनै रोकटोक यस्ता क्रियाकलापहरूलाई बढावा दिएकाले जैविक चोरीको समस्या बढ्न गएको छ । फलस्वरूप एकातर्फ गरीब कृषकहरू त्यसरी विकास गरिने बालीको नयाँ जातका बीउ-बिजनमाथिको सरल र सस्तो पहुँचबाट वञ्चित हुनुपर्ने वातावरण बनिरहेको छ भने अर्कातिर उनीहरूका निम्ति परापूर्वकालदेखि आफैंले उपयोग, संरक्षण र विकास गर्दै आएको कृषि बाली र सोसम्बन्धी परम्परागत ज्ञानको जैविक र व्यापारिक उपयोगबाट सिर्जित फाइदामा हिस्सेदार हुन नपाउने अवस्था खडा भएको छ । यसै कारणले पनि धेरैजसो विकासोन्मुख राष्ट्रहरू TRIPS लाई विकसित राष्ट्रको 'स्वार्थ र विकासमुखी' सम्झौता भनी आलोचना गर्दछन् । उनीहरू सन् १९९२ मा पारित भई सन् १९९३ देखि कार्यान्वयनमा आएको र हालसम्म नेपालसहित १८८ राष्ट्र पक्षधर भएको जैविक विविधता महासन्धि (Convention on Biological Diversity- CBD) को मर्म र उद्देश्यलाई समेत TRIPS ले अवमूल्यन गरेको मान्दछन् ।



### CBD र TRIPS बीचको अन्तर्विरोध र कृषक अधिकार

CBD ले प्रत्येक राष्ट्रको प्राकृतिक स्रोतमाथि सो राष्ट्रकै सार्वभौम अधिकार रहने र आफ्नो राष्ट्रिय कानूनबमोजिम आनुवंशिक स्रोतमाथिको 'पहुँच' नियन्त्रण गर्ने अधिकार पनि सो राष्ट्रमै रहने व्यवस्था गरेको छ । यस महासन्धिले स्रोतको धनी राष्ट्रले पूर्वसुसूचित सहमति र लाभको बाँडफाँड सम्झौताका आधारमा आनुवंशिक स्रोतको दिगो उपयोग हुने गरी स्रोतको पहुँचलाई सहज बनाउनुपर्छ भनी उल्लेख पनि गरेको छ । त्यस्तै जैविक विविधताको संरक्षण र दिगो उपयोगका निम्ति आदिवासी, जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञानको सम्मान र संरक्षण गर्दै त्यस्ता समुदायको सहमति र संलग्नतामा उनीहरूको ज्ञान, सीप र अभ्यासको व्यापक प्रयोगलाई प्रोत्साहित गर्नुपर्ने कुरा पनि महासन्धिले उल्लेख गरेको छ । तर CBD का यस्ता मर्मलाई विशेष गरी TRIPS को धारा २७.३ (ख) को व्यवस्थाले बेवास्ता गरेको छ । त्यसैले हाल पनि जैविक विविधतामा धनी विकासोन्मुख राष्ट्रहरू TRIPS को यो धारालाई परिमार्जन गरी आदिवासी, जनजाति र स्थानीय समुदायलगायत कृषकका अधिकारलाई पनि बौद्धिक सम्पत्ति अधिकारको सम्झौताअन्तर्गत सुनिश्चित गरिनुपर्ने अडानका साथ WTO स्तरमा विकसित राष्ट्रहरूसँग वार्ता गरिरहेका छन् ।

यस क्रममा भारत, ब्राजिललगायत अन्य विकासोन्मुख राष्ट्रहरूले बिरूवाको जात संरक्षण गर्ने कानूनमा प्रजनकको अधिकारका साथै कृषक अधिकारको पनि सुनिश्चितता गर्ने व्यवस्थालाई सबै सदस्य राष्ट्रहरूले मान्यता दिनुपर्ने अडानसमेत लिंदै आएका छन् । भारतलगायत केही अन्य जैविक विविधतामा धनी विकासोन्मुख राष्ट्रहरूले त कृषक अधिकारसमेत सुनिश्चित गरी बिरूवाको जात संरक्षण ऐन नै लागू गरिसकेका छन् ।

### नेपालका सन्दर्भमा कृषक अधिकार

नेपालले बौद्धिक सम्पत्ति अधिकारको व्यवस्थाका लागि बिरूवाको जात संरक्षण ऐन लागू गर्नुपर्ने भएकाले बिरूवाको नयाँ जातमा मात्र होइन, स्थानीय स्तरमा उपलब्ध र कृषक आफैंले विकास गरेका बिरूवाका पुराना जात र सम्बन्धित परम्परागत ज्ञानमा पनि कृषक अधिकारलाई कानूनी रूपमा स्थापित, संस्थागत र कार्यान्वयन गर्नु आवश्यक छ *(कोष्ठक)* ।

यस प्रक्रियामा नेपाल सरकारले कृषक समुदाय र प्रजनकलगायत अन्य सरोकारवालाहरूसँग विभिन्न तहमा छलफल र अन्तरक्रिया गरी राष्ट्रिय सहमति कायम गर्नुपर्ने हुन्छ । त्यस्तै यस विषयमा नीतिगत र सामुदायिक तहमा चेतना र क्षमता अभिवृद्धिका लागि सरकारले संस्थागत रणनीति बनाई सरोकारवालासँगको सहकार्यमा विविध कार्यक्रमहरू सञ्चालन गर्नु पनि आवश्यक छ । यस्ता प्रयासले WTO र अन्य अन्तर्राष्ट्रिय स्तरमा भइरहेका वार्ताहरूमा नेपाल सरकारलाई राष्ट्रिय हितका लागि स्पष्ट अडान राख्न पनि सहयोग पुग्नेछ ।

अधिकारी सावतीमा अनुसन्धान निर्देशक हुनुहुन्छ ।

# आयातित खाद्य पदार्थमा लेबलिङको प्रश्न

तयारी खाद्य वस्तुहरूका आयातकर्ताहरूले आयातित वस्तुको भाँडो, कन्टेनर वा प्याकेटमा आफ्नो परिचय र अन्य आवश्यक विवरण अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने भनी कानूनले स्पष्ट तोकेको विषय पालना गर्ने कुरा पनि नेपालमा विवादको विषय बन्ने गरेको छ ।

■ **ओजस्वी गौतम**

उद्योग तथा वाणिज्य विभागले तयार पारेको आपूर्ति नियमावलीअन्तर्गत आयातित खाद्य पदार्थमा आयातकर्ताको स्टिकर अनिवार्य गरिएको संशोधित व्यवस्थाले तयारी खाद्य वस्तुहरूका आयातकर्ताहरूमा हलचल पैदा गराएको छ । नेपालको आन्तरिक र बाह्य व्यापार प्रणालीलाई विश्व व्यापार संगठन (World Trade Organization- WTO) का सम्झौताहरूसँग सामञ्जस्य गर्न आवश्यक भएको सन्दर्भमा हाल बहुपक्षीय व्यापार प्रणालीसँग सम्बन्धित आवश्यक ऐन तथा नियमहरूको पुनरावलोकन कार्य भइरहेको छ । विश्व बैंकको अनुदान सहयोगमा भइरहेको यो पुनरावलोकन कार्यको प्राथमिकतामा विशेषतः उद्योग, वाणिज्य तथा आपूर्ति र कृषि तथा सहकारी क्षेत्रसँग सम्बन्धित ऐन-नियमावलीहरू रहेका छन् ।

उद्योग मन्त्रालयको आयात-निर्यातसम्बन्धी व्यवस्थामा तयारी खाद्य वस्तुहरूका आयातकर्ताहरूले अनिवार्य रूपमा आयातित वस्तुको भाँडो, कन्टेनर वा प्याकेटमा आफ्नो परिचय खुल्ने नाम तथा अन्य आवश्यक विवरण उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ । यस्तो प्रावधानका सम्बन्धमा विगत लामो समयदेखि भारतलगायत तेस्रो मुलुकबाट तयारी खाद्य वस्तु आयात गर्दै आएको युनाइटेड ट्रेडर्सका सञ्चालक रविबहादुर श्रेष्ठका अनुसार उत्पादक कम्पनीले नेपाल पठाउने थोरै परिमाणको वस्तुमा आयातकर्ताको नाम नामेसी (लेबलिङ) उल्लेख गर्न व्यवहारिक झन्झट हुने भएकाले नियमावलीमा उल्लिखित यो व्यवस्था अव्यवहारिक भएको गुनासो गर्छन् । त्यसै गरी सुजन फुड एन्ड बेभरेज, काठमाडौंका अनिलसिंह प्रधानले आयात भइसकेको वस्तुलाई तोकिएको समयमा गन्तव्यमा नपठाई लेबलिङसम्बन्धी अतिरिक्त काम गर्दा वस्तुको लागत वृद्धि हुन जाने र समयमा डेलिभरी हुन नसक्दा नोक्सानीको मात्रा बढ्ने हुँदा यो प्रावधान उपयुक्त नभएको बताउनु हुन्छ ।

विद्यमान ऐन तथा नियमावलीको तर्जुमा गर्ने कार्यमा संलग्न विशेषज्ञका आुसार कानूनको पुनरावलोकन गर्दा WTO सँगका सम्झौता एवम् सहमतिहरू लगायत अन्य सदस्य राष्ट्रहरूको आयात-निर्यातसम्बन्धी व्यवस्थासँग सामञ्जस्य हुने गरी संशोधन गर्ने कार्य गरिएको बताउँछन् । अन्तर्राष्ट्रिय ऐन-नियमहरूसँग सामञ्जस्य गर्नु अहिलेको आवश्यकता रहेको र यसबाट दीर्घकालीन रूपमा सबैलाई फाइदा



पुग्ने हुँदा सीमित वर्ग र व्यवसायीको दृष्टिबाट मात्र यसलाई हेरिनु उचित नहुने सम्बन्धित अधिकारीहरूको भनाइ छ । यस परिवेशमा भएको संशोधनलाई अव्यवहारिक भनी आयातकर्ताहरूले राखेको तर्कसँग सहमत हुन नसकिने र यसबाट अनावश्यक विवाद मात्र सिर्जना भएको भन्ने सरकारी पदाधिकारीहरूको राय रहेको छ । उपभोक्ता हक-हितसँग संलग्न अधिकारकर्मी ज्योति बानियाँका अनुसार उपभोक्ता हक र हितको विश्वव्यापी मान्यता र नेपालमा यससम्बन्धी बढ्दो चासोले पनि संशोधित नियमावलीमा रहेको प्रावधान बमोजिम आयातित वस्तुको भाँडो, कन्टेनर वा प्याकेटमा आयातकर्ताको नाम-नामेसी उल्लेख हुनैपर्दछ र यसले आयातकर्ताहरूलाई आफ्‌ना उपभोक्ताहरूप्रति जिम्मेवार बनाउन मदत पुर्‍याउँछ । हालसम्म आयातकर्ताहरूले खाद्य वस्तुको आयात गरी जे-जस्तो तरिकाले बिक्री-वितरण गर्दै आए पनि अब आउने कानून तथा नियमावलीको प्रभावकारी कार्यान्वयन हुन सके आगामी दिनहरूमा आयातकर्ताहरूले जथाभाबी गर्न नसक्ने र उपभोक्ता हक-हितको संरक्षणमा सहयोग पुग्न जाने विश्वाससमेत अधिवक्ता बानियाँको रहेको छ ।

आयात-निर्यात व्यापारलाई व्यवस्थित गर्न विद्यमान कानूनहरूमा सुधारको जे-जस्तो प्रयास गरिए पनि विश्व बैंकको विशेषज्ञ समितिले भने संशोधित ऐन-नियमको प्रारम्भिक प्रतिवेदनलाई अपूरो भनी थप संशोधनका लागि फिर्ता गरेको मन्त्रालय सम्बद्ध अधिकारीले बताएका छन् । यस विषयलाई पुष्टि गर्दै खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका उपनिर्देशक जीवनप्रेम लामाले विश्व बैंकबाट फिर्ता भएको प्रतिवेदनमाथि थप बहस र अनुसन्धान भइरहेको जानकारी दिनुभयो । उपनिर्देशक लामाले WTO को Sanitary and Phytosanitary Measures (SPS) सम्झौताअनुसार खाद्य पदार्थसम्बन्धी व्यापारिक कानून तथा नियमावलीको क्षेत्राधिकार केन्द्रीय खाद्य अनुसन्धान तथा प्रयोगशालासँग सुरक्षित रहेको सन्दर्भमा आयातित वस्तुमा आयात-कर्ताहरूको नाम-नामेसीसम्बन्धी विषयमा अन्तर्विभागीय विवादभन्दा पनि समन्वयको खाँचो रहेकोमा जोड दिए ।

हालका कानूनहरूको पुनरावलोकनले एकातर्फ आयातकर्ताहरूमा हलचल मच्चाएको छ भने अर्कातर्फ अधिकार क्षेत्रको कुरालाई लिएर खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र उद्योग तथा वाणिज्य विभागबीच अन्तर्विभागीय विवाद देखा परेको छ । आयातित तयारी खाद्य पदार्थहरूको लेबलिङ, गुणस्तर र आयातकर्ताको विश्वसनीयता जाँच गर्दै आएको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले हालको व्यवस्थाले आफ्‌नो अधिकार क्षेत्रमाथि हस्तक्षेप गरेको मानेपछि यो विवाद अझ बढ्न सक्ने अनुमान विज्ञहरूले गरेका छन् । उपनिर्देशक लामाका अनुसार भन्सार विभागको आवश्यकताअनुसार आयातित खाद्य वस्तुको जाँचमा मात्र विभागलाई सीमित तुल्याउनुभन्दा पनि अर्धन्यायिक अधिकारसहित विभागलाई आयातित तथा निर्यात हुने खाद्य पदार्थको प्याकेजिङ, लेबलिङजस्ता पक्षमा समेत कार्य गर्न-गराउन सक्ने गरी कानूनमा संशोधनको खाँचो रहेको छ ।

> उपभोक्ताहरूमा बढ्दो चेतनास्तर, नियमबद्ध व्यापारिक क्रियाकलापको बढ्दो माग र व्यापारिक क्रियाकलापको विश्वसनीयतालाई अभिवृद्धि प्रदान गर्न आयातित वस्तु तथा खाद्य वस्तुहरूमा निर्यातकर्ताहरूका साथै आयातकर्ताहरूको नाम-नामेसी (लेबलिङ) उल्लेख हुनुपर्नेमा कुनै शंका छैन ।

नेपाल WTO लगायत अन्य क्षेत्रीय व्यापार संगठनहरूसँग आबद्ध राष्ट्र हो । व्यापारको विस्तार एवम् व्यापारिक क्रियाकलापलाई सहज तुल्याउन यी संगठनहरू सक्रिय रहेका छन् । नियमबद्ध व्यापारिक क्रियाकलाप यी संगठनहरूको उद्देश्य हो । यस अवस्थामा व्यापारलाई सहज तुल्याउन, यसमा पारदर्शिता अपनाउन र यसलाई विश्वसनीय बनाउन नियमबद्ध व्यापारको विकल्प सायदै कुनै हुन सक्ला । यस अर्थमा उपभोक्ताहरूमा बढ्दो चेतनास्तर, नियमबद्ध व्यापारिक क्रियाकलापको बढ्दो माग र व्यापारिक क्रियाकलापको विश्वसनीयतालाई अभिवृद्धि गर्न आयातित वस्तु तथा खाद्य वस्तुहरूमा निर्यातकर्ताहरूका साथै आयातकर्ताहरूको लेबल हुनुपर्नेमा कुनै शङ्का छैन ।

त्यसैले सीमित व्यापारीको हित हुने सोचाइ र कसको अधिकार क्षेत्रमा पर्ने भन्ने कुरामा अल्झिनुभन्दा पनि बृहत् व्यापारको सोच, स्वच्छ र प्रतिस्पर्धी बजार निर्माण, उपभोक्ता हक-हितको संरक्षण र आर्थिक समुन्नति गर्ने उद्देश्यका साथ अगाडि बढ्नु आवश्यक छ ।

*गौतम स्वतन्त्र आर्थिक पत्रकार हुनुहुन्छ ।*

## लेबलिङ निर्णय संशोधन नहुने

**विदेशी** खाद्य वस्तुको आयात गर्दा आयातकर्ता वा स्थानीय आधिकारिक विक्रेताको नाम र ठेगाना खुलाउनुपर्ने निर्णय उल्ट्याउने प्रयास रोकिएको छ । आयातित खाद्य वस्तुमा अझ कडा र बृहत् प्रावधानसहितको निर्देशिका आउन लागेकाले निर्णय नउल्ट्याउने सहमति भएको हो ।

कृषि तथा सहकारी मन्त्रालयले जारी गरेको 'खाद्य वस्तुको आयात र निर्यात सम्बन्धी निर्देशिका' अनुसार खाद्य विभागको स्वीकृतिबिना कुनै पनि खाद्य वस्तु आयात गर्न पाइँदैन । जुन देशबाट सामान ल्याउने हो त्यहाँको आधिकारिक निकायले जारी गरेको स्वास्थ्य प्रमाणपत्रसहित निवेदन दिनुपर्छ । इजाजत लिँदा ब्याच र लट नम्बर, कच्चा पदार्थको विवरण, उत्पादन प्रक्रिया, उपभोग्य मिति तथा आयातकर्ता र स्थानीय आधिकारिक विक्रेताको नाम खुलाउनुपर्छ । भन्सार नाकामै यसको रेकर्ड राख्ने प्रावधान निर्देशिकामा छ । निर्देशिकाअनुसार खाद्य वस्तु आयात गर्दा उपभोग्य अवधि कम्तीमा ६० प्रतिशत बाँकी हुनुपर्छ । एक वर्ष अवधि भएको खाद्य वस्तु नेपाल प्रवेश गर्दा कम्तीमा ७ महिना बाँकी हुनुपर्छ । त्यसभन्दा कम समय रहेकालाई आयात अनुमति दिइने छैन ।

विश्व व्यापार संगठनले मान्यता दिएको खाद्य वस्तुको गुणस्तरसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड 'कोडेक्स' लगायतका आधारमा यो निर्देशिका तयार पारिएको छ । त्यसैगरी खाद्य विभागले आयातित खाद्य वस्तुको गुणस्तर अनुगमनका लागि देशका चार प्रमुख भन्सार नाका वीरगन्ज, काँकरभिट्टा, महेन्द्रनगर र तातोपानीमा कार्यालय विस्तार गरेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा गुणस्तर परीक्षण एकाइसमेत खडा गरिएको छ ।

## प्रतिस्पर्धा प्रवर्द्धनको प्रतिबद्धता

# कार्यान्वयन होला ?



एकाधिकार प्रवृत्ति तथा सिन्डिकेट प्रणालीलाई गैरकानूनी घोषणा गरी प्रतिस्पर्धा प्रवर्द्धन तथा उपभोक्ता हक–हित संरक्षणसम्बन्धी प्रतिबद्धताहरूलाई सरकारले कार्यान्वयन गर्छ भन्ने कुरामा सरोकारवालाहरू विश्वस्त छैनन् ।

■ **अधिवक्ता ध्रुवेशचन्द्र रेग्मी**

अर्थमन्त्रीबाट आर्थिक वर्ष २०६४–०६५ को बजेट भाषणमा उपभोक्तालाई मार पर्ने र अर्थतन्त्रको कार्यकुशलतामा नकारात्मक असर पार्ने सबै किसिमका एकाधिकार प्रवृत्ति तथा सिन्डिकेट प्रणालीलाई निरूत्साहित गर्न कडा नीति अवलम्बन गरिने प्रस्ट रूपमा उल्लेख गरिएको थियो । भर्खरै मात्र राष्ट्रिय योजना आयोगले तयार पारी सरकारलाई बुझाएको तीनवर्षे अन्तरिम योजनामा पनि प्रतिस्पर्धा प्रवर्द्धन र उपभोक्ता हक–हित संरक्षणजस्ता विषयहरू परेका छन् । सरकारका योजना, नीति तथा कार्यक्रमहरूमा यस्ता विषय प्राथमिकतामा राखिनुलाई निश्चय पनि सकारात्मक रूपमा हेरिनुपर्दछ । यस अघि पनि बजारमा विद्यमान गैरप्रतिस्पर्धी क्रियाकलापलाई नियन्त्रण गरी व्यवसायी तथा उपभोक्ताहरूको हक–हित संरक्षण गर्ने र प्रतिस्पर्धा प्रवर्द्धनका लागि सहयोगी हुन सक्ने प्रावधान भएका विभिन्न ऐन, कानून तथा नीति नियमहरू नेपालमा आइसकेका छन्, तर विडम्बना यी सबै नीति तथा नियमहरू केवल कागजमै मात्र सीमित हुन पुगे । नेपालका योजना, नीति तथा कानूनमा उल्लिखित यस्ता प्रतिबद्धताहरू यदि वास्तविक र सही रूपमा कार्यान्वयन हुने हो भने स्वच्छ प्रतिस्पर्धा प्रवर्द्धन तथा उपभोक्ता हक–हित संरक्षणमा आघात पार्ने सिन्डिकेट प्रणाली तथा विभिन्नखाले एकाधिकारजस्ता विकृतिहरू नेपाली बजारबाट स्वतः हट्ने देखिन्छ ।

सामान्यतया यस्तो हुनु पर्ने भए पनि हाम्रो देशको यथार्थता भने भिन्नै खालको पाइन्छ, जहाँ राजनैतिक सरोकार वा नीति निर्माताको आर्थिक स्वार्थसँग गाँसिएका विषयका अतिरिक्त अन्य विषयले कमै महत्त्व पाउने गरेका छन् । लोकतन्त्रपश्चात् पुनर्स्थापित व्यवस्थापिका संसद् तथा सरकारको गतिविधिलाई हेर्ने हो भने पनि अहिले राज्यका प्रमुख वा प्राथमिकताका विषय भनेका केवल राजनैतिक मुद्दाहरू मात्र हुन् कि भन्नेजस्तो देखिएको छ । उपभोक्ता हक–हित वा स्वच्छ प्रतिस्पर्धाजस्ता आर्थिक विकाससँग सरोकार राख्ने जनसरोकारका मुद्दाहरूले स्थान पाइहाले पनि नीति निर्माताहरूको निष्क्रियता, सरकारको उदासीनता र उचित संयन्त्रको अभावमा तिनको कार्यान्वयन प्रभावकारी हुने गरेको छैन । विगतका सवारी ऐन, २०४९ तथा उपभोक्ता संरक्षण ऐन, २०५४ लगायत भर्खरै लागू गरिएको प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ आदि यसका ज्वलन्त उदाहरण हुन् ।

गैरप्रतिस्पर्धी बजार र सिन्डिकेट प्रथालाई निरूत्साहित गर्ने विषयमा चर्चा गर्दा यातायात सेवालाई नियमित र भरपर्दो बनाई उपभोक्ता तथा व्यवसायीको संरक्षण गर्ने उद्देश्यले २०४९ सालमा आएको सवारी ऐनको चर्चा गर्नु अत्यन्तै सान्दर्भिक देखिन्छ । यस ऐनले नै पहिलो पटक स्पष्टतः यातायात सेवामा सिन्डिकेट चलाउने कार्यलाई रोक लगाई गैरकानूनी र दण्डनीय मानेको हो । ऐनमा यस्तो प्रावधान भए पनि यातायात व्यवसायीहरूले सिन्डिकेटजस्तो गैरप्रतिस्पर्धी क्रियाकलाप

खुला रूपमा सञ्चालन गरिरहेका छन् । यस्तो क्रियाकलापका कारण एकातर्फ निर्बाध तथा स्वतन्त्र रूपमा पेसा-व्यवसाय सञ्चालन गर्न पाउने उद्यमी-व्यवसायीको अधिकार हनन भई प्रतिस्पर्धी बजारको स्थापना हुन सकेको छैन भने अर्कातर्फ यस्ता गतिविधिका कारण उपभोक्ताले प्रतिस्पर्धी मूल्यमा गुणस्तरीय वस्तु र सेवा छनोट गर्न पाउने अधिकार कुण्ठित हुन पुगेको छ । कानूनले स्पष्ट निषेध गरेको सिन्डिकेट प्रथा खुलेआम सञ्चालन भइरहँदा पनि सरकार कारबाई नगरी मूकदर्शक बनेर बसेको छ ।

त्यसै गरी २०५४ सालमा आएको उपभोक्ता संरक्षण ऐनले उपभोक्ताको हक-हित तथा प्रतिस्पर्धामा प्रतिकूल असर पार्ने विभिन्नखाले कार्यलाई गैरकानूनी घोषणा गर्दै पिडित उपभोक्तालाई हानि-नोक्सानी पुगेमा उचित क्षतिपूर्तिको समेत व्यवस्था गरेको छ । विश्वव्यापी रूपमा स्वीकार्य उपभोक्ताका आठ अधिकारमध्ये दुईवटा अधिकार (आधारभूत आवश्यकताको परिपूर्ति र स्वच्छ वातावरणको अधिकार) बाहेक छवटा अधिकारलाई यस ऐनले सुनिश्चित गरेका कारण यो कानून आएपछि उपभोक्ताको हक-हित संरक्षण हुने कुरामा सबै विश्वस्त थिए, तर ऐनको सफल कार्यान्वयनका लागि आवश्यक पर्ने संयन्त्र र प्रभावकारी निकायको अभावमा यो ऐन भएको अनुभूति सरोकारवालाहरूले गर्न सकेका छैनन् ।

बजारलाई अमर्यादित र विकृत बनाउने सबै प्रकारका व्यापारिक गठबन्धन, सिन्डिकेट र कार्टेलिङ्गलगायत अन्य विभिन्न प्रकारका गैर-प्रतिस्पर्धात्मक क्रियाकलापहरूलाई रोक्ने उद्देश्यले नेपालमा २०६३ पुसमा प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन आइसकेको छ, तर यस ऐनको कमजोर पक्ष भनेको प्रतिस्पर्धा प्रवर्द्धनका लागि ल्याइएको कानूनले प्रतिस्पर्धाका आधारभूत मान्यतालाई समेत आत्मसात् गरेको देखिँदैन । यो ऐन कार्यान्वयन गर्ने जिम्मेवारी नेपाल सरकारका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवले अध्यक्षता गर्ने बोर्डलाई प्रदान गरिएको छ । स्मरण रहोस्, वि. सं. २०५४ मा आएको उपभोक्ता संरक्षण ऐनले व्यवस्था गरेको उपभोक्ता संरक्षण परिषद् तथा कार्यान्वयन गर्ने जिम्मेवारी पाएका प्रमुख जिल्ला अधिकारी दुवैको निष्क्रियता तथा यो विषय प्राथमिकतामा नपरेका कारण राम्रो प्रावधान सहित आएको त्यो कानून निष्प्रभाव रह्यो । अहिले आएको प्रतिस्पर्धा ऐनअन्तर्गत पनि विशेषज्ञसहितको निष्पक्ष र स्वतन्त्र आयोगको सट्टामा पुनः नेपाल सरकारका सचिवजस्ता व्यस्त निकायका अधिकारीको अध्यक्षतामा बोर्ड गठन गरिएको हुँदा यस ऐनको पनि उपभोक्ता संरक्षण ऐन, २०५४ कै हबिगत हुने शङ्का सरोकारवालाहरूले गरेका छन् । त्यसमा पनि अहिले त उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा दुई जना सचिव रहेको अवस्थामा त यो झन् कसको दायित्व भित्र पर्ने भन्ने अन्यौलता समेत थपिएको छ ।

यो देशमा प्रतिस्पर्धा कानून तथा उपभोक्ता हक-हित संरक्षण गर्ने कानूनको आवश्यकता छ र यस्ता कानूनको अभावमा बजारमा गैरकानूनी व्यापारिक क्रियाकलापले प्रश्रय पाई राष्ट्रका उद्यमी, व्यवसायी तथा उपभोक्ताको हक-हित ओझेलमा पर्न जान्छ भन्ने कुरामा सम्बन्धित निकाय कहिल्यै गम्भीर भएको देखिँदैन । कानून ल्याउने क्रममा विभिन्न चरणमा सरोकारवालाहरूसँग छलफल गरी सुझावसमेत लिइएबाट जनहित र प्रगतिशील सोचाइको कानून आँउछ भन्ने कुरामा सबै विश्वस्त रहेका थिए । यसका अतिरिक्त संसद्मा कानून पारित हुने क्रममा समेत यस कानूनको महत्व के छ र कस्तो हुनुपर्दछ भन्ने सम्बन्धमा प्रायशः सबै प्रमुख राजनैतिक दललाई प्रतिनिधित्व गर्ने थुप्रै सांसदहरूसँग अन्तर्क्रियासमेत गरिएको थियो, तर दुर्भाग्यवश यो राजनीतिसँग सम्बन्धित विषय नभएका कारण संसद्मा ऐन पारित हुने क्रममा अधिकांश सांसदले यसलाई उत्साह तथा प्राथमिकताका साथ उठाउनुपर्ने गम्भीर विषय नै ठानेनन् । यो विषय सरकार वा संसदको प्राथमिकतामा पर्न सकेन, जसका कारण प्रगतिशील प्रतिस्पर्धा कानून आउन सकेन । यसका अतिरिक्त ऐन लागू भएको यत्रो लामो समयसम्म पनि नियमावली तर्जुमा तथा बोर्ड गठन हुन सकेको छैन । जबकी यस अवधिमा नेपाल सरकारले वा व्यवस्थापिका संसद्ले राजनीतिसँग सम्बन्धित अन्य थुप्रै नियमावलीको तर्जूमा तथा आयोगहरू गठन गरिसकेको छ ।

> देशमा प्रतिस्पर्धा प्रवर्द्धन तथा उपभोक्ता हक-हित संरक्षण कानूनको नितान्त आवश्यकता रहेको र यसको अभावमा बजारमा अनुचित तथा गैरकानूनी व्यापारिक क्रियाकलापले प्रश्रय पाई उपभोक्ता र स्वच्छ उद्यमी-व्यवसायीको हक-अधिकार कुण्ठित हुन सक्ने कुरालाई सरकारले कहिल्यै पनि गम्भीरतापूर्वक हेरेको देखिँदैन ।

कानून आउनुभन्दा पनि त्यसको सबल कार्यान्वयनका लागि आवश्यक पर्ने संयन्त्र र उपयुक्त वातावरणको विकास गरिनु ज्यादै महत्त्वपूर्ण र सार्थक हुन्छ । यस परिप्रेक्ष्यमा कानून बनाएर मात्र आफ्नो दायित्व वा जिम्मेवारी पूरा भएको भन्ने भावना नेपाल सरकार तथा संसद्ले राख्नु हुँदैन । यी सबै कुरालाई विश्लेषण गर्दा वर्तमान परिवेशमा राज्यका प्रमुख विषय भनेका केवल राजनैतिक मुद्दा मात्रै हुन्, उपभोक्ता हित संरक्षण वा प्रतिस्पर्धाका विषय होइनन् भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

नेपालका प्रायः सबै कानून, विकास योजना, सरकारी नीति तथा बजेट भाषणमा जनसरोकारका विभिन्न विषयहरू उल्लेख गरिएका हुन्छन्, तर त्यसको कार्यान्वयन तहमा वा त्यसलाई प्रभावकारी बनाउन जिम्मेवार हुन सक्ने अधिकारी वा नीतिनिर्माता वा राजनैतिक दलले यसको आवश्यकतालाई महसुस गर्न सकेका छैनन् । जबसम्म यस विषयलाई महत्त्वपूर्ण ठानी यी सबैले आफ्नो प्राथमिकतामा पार्दैनन् तबसम्म यस्ता कुनै पनि कानूनहरूको कार्यान्वयन पक्ष सबल हुन सक्दैन र यी केवल कागजमा मात्रै सीमित रहने कुरा निश्चित छ । यस परिप्रेक्ष्यमा अहिले पनि अर्थमन्त्रीले बजेट भाषण तथा नेपाल सरकारको तीन वर्षे अन्तरिम योजनामा उठाइएका एकाधिकार प्रवृत्ति तथा सिन्डिकेट प्रणालीलाई गैरकानूनी घोषणा गरी उपभोक्ताको हक-हित संरक्षण र प्रतिस्पर्धा प्रवर्द्धन गर्नेजस्ता जनहितका कुराहरू गैरराजनैतिक विषय भएका हुँदा कार्यान्वयन हुन्छन् भन्नेमा सरोकारवालाहरू आश्वस्त हुन सकेका छैनन् ।

**रेग्मी सावतीका कार्यक्रम निर्देशक हुनुहुन्छ ।**

## उपभोक्ता संरक्षण ऐन

# समस्या र चुनौतीहरू

**जिम्मेवार सेवाप्रदायक तथा जागरूक उपभोक्ता भएमा मात्र प्रतिस्पर्धा र उपभोक्तासम्बन्धी कानून कार्यान्वयन प्रभावकारी हुन सक्छ ।**

■ **अधिवक्ता ज्योति बानियाँ**



प्रत्येक वस्तु र सेवाका बजारमा तीन पक्ष हुन्छन्- वस्तु तथा सेवा उपभोग गर्ने वा किन्ने उपभोक्ता (व्यक्ति वा संस्था), वस्तु तथा सेवा बिक्री-वितरण गर्ने सेवा प्रदायक तथा त्यसलाई नियमन गर्ने सरकारका अङ्गहरू विभाग, मन्त्रालय र प्राधिकरण जसलाई नियमन निकाय भनिन्छ । नेपालका सन्दर्भमा वस्तु तथा सेवा बजार वास्तविक बजारजस्तो रहेको छैन । नेपाली बजार प्रतिस्पर्धा विपरीतका क्रियाकलापको चपेटामा परेको छ र उपभोक्ता अनुचित व्यापारिक क्रियाकलापको मारमा परेका छन् । उपभोक्ता हक-हित संरक्षणसम्बन्धी कानून भए पनि प्रभावकारी कार्यान्वयन नभएकाले उपभोक्ता अधिकार निरीह बनेको छ । वस्तु तथा सेवा प्रदायक संघ-संस्थाहरू दिन प्रतिदिन गैरजिम्मेवार बन्दै गएका छन् । नियमन निकायहरू विशेष गरी जनशक्ति र भौतिक साधन-स्रोतको अभावमा प्रायः निष्क्रिय छन् । यसको सोझै मार स्वरूप प्रत्येक उपभोक्ताले असहज आपूर्ति, महँगो मूल्य र गुणस्तरहीन वस्तु र सेवा भोगिरहनुपरेको छ ।

कुनै उपभोग्य वस्तु र सेवा उपभोग वा प्रयोग गर्ने उपभोक्ताले त्यस्तो वस्तु र सेवा किन्दा वा प्रयोग गर्दा आफैँ सतर्क भई कारोबार गर्नुपर्ने र ठगिए कुनै उपचार प्रदान नहुने 'केभेट इम्पेटर'को परम्परागत सिद्धान्त दुनियाँभर सन् १९६० का दशकसम्म रहेको थियो । उक्त 'केभेट इम्पेटर'को बजार सिद्धान्तलाई विस्थापित गर्दै सन् १९६२ मार्च १५ मा अमेरिकी राष्ट्रपति जोन एफ केनेडीले कांग्रेसमा सम्बोधन गर्दै अबका दिनमा प्रत्येक उपभोक्तालाई सुरक्षाको अधिकार, सूचनाको अधिकार, छनोटको अधिकार र सुनुवाइको अधिकार हुने कुराको घोषणा गरेका थिए । उक्त घोषणा विश्वमा प्रथम उपभोक्ता अधिकारपत्रका रूपमा आएको हुँदा उक्त दिनलाई विश्व उपभोक्ता दिवसका रूपमा मनाइन्छ ।

अमेरिकी कांग्रेसको घोषणापछि तत्काल युरोपियन इकोनोमिक युनियनले उक्त चार अधिकारमाथि उपभोक्ता शिक्षाको अधिकार र वस्तु र सेवाको नियमनमा उपभोक्ताले प्रतिनिधित्व गर्न पाउने अधिकारलाई थप गरी प्रत्येक देशमा कानून जारी गर्ने घोषणा गऱ्यो । त्यसपछि मात्रै वस्तु र सेवा उपभोग गर्ने उपभोक्ताहरूलाई अधिकार सम्पन्न मानियो । फलस्वरूप वस्तु र सेवामा उत्पादक र विक्रेता नै जिम्मेवार हुनुपर्ने भन्ने 'केभेट भेन्डिटर'को सिद्धान्त र र उपभोक्ता बजारका सम्प्रभु हुन् भन्ने सिद्धान्तहरू संस्थापित र लागू भए । तिनै सिद्धान्तहरू समेतका आधारमा विश्वभर उपभोक्ता अधिकारलाई विधिशास्त्रको एक महत्त्वपूर्ण हिस्सा मानिँदै आएको छ ।

यसैबीच संयुक्त राष्ट्रसंघले ९ अप्रिल १९८५ मा प्रत्येक देशले उपभोक्ताहरूलाई सुरक्षाको अधिकार, आधारभूत आवश्यकता प्राप्तिको अधिकार, छनोटको अधिकार, सूचनाको अधिकार, प्रतिनिधित्वको अधिकार, कानूनी उपचारको अधिकार, उपभोक्ता शिक्षाको अधिकार र स्वच्छ वातावरणको अधिकार प्रदान गर्नुपर्ने हुन्छ र उक्त अधिकारको रक्षा र संवर्द्धनका लागि राष्ट्रिय कानून तर्जुमा गरी नियमनका लागि सशक्त निकायको स्थापना र सञ्चालन गर्नुपर्ने समेतको अनुबद्ध साधारण सभाबाट पारित गऱ्यो । संसारभरका अन्य देशहरूजस्तै भारतले पनि एक वर्षभित्रै उपभोक्ता संरक्षण ऐन जारी गरे पनि नेपालले भने १२ वर्ष पछि वा प्रजातन्त्रको पुनर्स्थापनापछि वैशाख २०५५ देखि लागू हुने गरी मात्र ऐन जारी गऱ्यो, तर उक्त कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनको समस्या देखा परेको छ ।

उपभोक्ता संरक्षण र बजार प्रतिस्पर्धा सम्बन्धी कानूनहरू वस्तु र सेवामा उत्पादक र विक्रेता नै जिम्मेवार हुनुपर्ने 'केभेट भेन्डिटर'को सिद्धान्त, वस्तु र सेवा बजारमा उपभोक्ताहरू सार्वभौम हुन् भन्ने सिद्धान्त र उपभोक्तालाई सम्मान गर्नुपर्ने सिद्धान्तलाई आधार मानी कानूनी व्यवस्था गर्न; उपभोक्ता अधिकारहरूको रक्षा र संवर्द्धन गर्न; वस्तु तथा सेवाको आपूर्ति, मूल्य र गुणस्तर नियमन गर्न; वस्तु र सेवामा हुने अनुचित व्यापारिक क्रियाकलापबाट उपभोक्तालाई जोगाउन र उपभोक्तालाई पर्ने मर्काका विरूद्ध सजाय र क्षतिपूर्तिको उपचार प्रदान गर्न जारी भए पनि उक्त कानूनहरू सेवा प्रदायक र उपभोक्ताको सक्रियता र जिम्मेवारीपूर्ण क्रियाकलापबिना कार्यान्वयन हुन नसक्ने अवस्था विद्यमान छ ।

नेपालमा उपभोक्ता संरक्षण र प्रतिस्पर्धा प्रवर्द्धनमा सहयोग हुन सक्ने कानूनहरू थुप्रै भए पनि यसका लागि प्रमुख कानूनहरूमा पेटेन्ट, डिजाइन र ट्रेड मार्क ऐन, २०२२; कालो बजार तथा केही अन्य सामाजिक अपराध ऐन, २०३२; नेपाल गुणस्तर प्रमाण चिन्ह ऐन, २०३७; खाद्य ऐन, २०४९, उपभोक्ता संरक्षण ऐन, २०५४; प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ आदिलाई मानिन्छ । नेपालमा उपभोक्ता हक-हित संरक्षण वा प्रतिस्पर्धा प्रवर्द्धनमा कानूनी संयन्त्रभन्दा त्यसको कार्यान्वयनको समस्या चुनौतीका रूपमा देखिन्छ ।

उल्लिखित कानूनी व्यवस्थाहरूले विशेष गरी कुनै पनि उपभोक्तालाई अनुचित व्यापारिक क्रियाकलापको नियन्त्रण (कुनै पनि उपभोग्य वस्तु वा सेवाको वास्तविक

गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँटी वा भुक्याई त्यस्तो उपभोग्य वस्तु वा सेवा बिक्री-वितरण वा प्रदान गर्ने र अन्य व्यक्तिले उत्पादन गरेको उपभोग्य वस्तुको गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा, बनावट आदिमा असर पारी बिक्री-वितरण गर्ने कार्यलाई अनुचित व्यापारिक क्रियाकलाप भनिन्छ) बाट जोगाउन प्रयत्न गरेको पाइन्छ । यसै गरी कमसल उपभोग्य वस्तुको नियन्त्रण (गुणस्तरभन्दा कम्ती हुने गरी हुनुपर्ने पदार्थको परिमाण घटाइएको वा अर्को कुनै पदार्थको सम्मिश्रण गरिएको, स्वास्थ्यलाई हानिकारक हुने गरी सढेको, गलेको, फोहोरमैला वा विषादी अवस्थामा राखिएको वा तयार गरिएको वा कुनै रसायन, रङ वा बास्ना प्रयोग गरिएको, केही या सम्पूर्ण भाग कुनै रोगी वा रोग लागेको पशु, पक्षी वा हानिकारक वनस्पतिबाट बनाइएको समेतलाई कमसल उपभोग्य वस्तु भनिन्छ) बाट पनि संरक्षण गर्न खोजेको पाइन्छ । यस्तै वस्तु र सेवाको आपूर्ति, मूल्य र गुणस्तरको नियमन, स्वच्छ प्रतिस्पर्धा विपरीतका क्रियाकलापको नियन्त्रण, उपभोक्ता संस्थाको सिर्जना, सक्रियता र प्रोत्साहन वस्तुको लेबल र मूल्यसूचीको व्यवस्थापन उपभोक्ता शिक्षाको व्यवस्था र उपभोक्तालाई पुग्ने हानि-नोक्सानी उपर क्षतिपूर्तिको व्यवस्था गर्न कानून जारी भएको देखिन्छ ।

उपभोक्ता कानून कार्यान्वयनमा खाद्य पदार्थ, पेट्रोलियम पदार्थ (मट्टितेल, पेट्रोल, डिजल र ग्यास), औषधी, लेबलसम्बन्धी, मूल्य सूचीसम्बन्धी, माछा, मासु, नापतौल, सुन-चाँदी, लत्ताकपडा, रासायनिक मल, बिमा, इलेक्ट्रोनिक सामग्री, यातायात सेवा, सशुल्क पार्किङ, दूरसञ्चार, बैकिङ्ग सेवा, विद्युत् सेवा, खानेपानी, विज्ञापन सेवा, हुलाक र कुरियर सेवा, जनस्वास्थ्य सेवा, शिक्षा, केबल नेटवर्क आदि क्षेत्रमा व्यापक प्रतिस्पर्धा विपरीत कार्यहरू र अनुचित व्यापारिक क्रियाकलाप देखा परेको र यसले दिनदिनै गम्भीर समस्या सिर्जना गरेको अवस्था छ ।

वस्तु तथा सेवा नियमन गर्ने निकाय र अधिकारीहरूबीच आपसी समन्वयको अभाव छ । नियमन निकाय र अधिकारीहरूलाई छुट्टै तालिम र पूर्वाधारहरूको अभावको कारणले गर्दा कानून कार्यान्वयनमा गम्भीर समस्या देखिएको छ ।

उपभोक्ता हक-हितसँग सम्बन्धित कानूनबाट अधिकार तथा जिम्मेवारी प्राप्त गरेका निरीक्षण अधिकृतहरूको काममा अत्यन्तै निष्क्रियता छ । अधिकांश जिल्लामा रहेका निरीक्षण अधिकृतहरू आफूलाई उपभोक्ता संरक्षणलगायतका कानूनले वस्तु र सेवाको नियमन र तहकिकात गर्न अधिकार दिएको छ भन्ने जानकारी पनि भएको पाइँदैन । त्यसै गरी प्रत्येक जिल्लामा प्र.जि.अ.को अध्यक्षतामा रहेको हानि-नोक्सानी पुगेउपर मुद्दा हेर्ने समिति पनि अत्यन्त निष्क्रिय छ । राजधानी काठमाडौंकै सन्दर्भमा पनि हेर्ने हो भने ऐन जारी भएको ८ वर्षभित्रमा हालसम्म सिर्जना के.सी. विरुद्ध डा. डी.बी. शाह, सुनिल गुप्ता विरुद्ध माइसप ड्राइक्लिनर्स र महेन्द्र गुरुङ विरुद्ध डा. उपेन्द्र देवकोटाको मुद्दाको मात्र फैसला भएको छ भने अन्य एउटा मुद्दामा मिलापत्र भएको छ । अन्य अनेकौं मुद्दा बिना सुनुवाइ थन्किरहेको अवस्था छ ।

UN Declaration for Human Rights को Article 8 मा रहेको Every-one has the right to an effective remedy by the competent national tribunals for acts violating the fundamental rights granted him by the constitution or by law को नेपाली सन्दर्भमा व्यापक हनन भएको अवस्था पनि देखिएको छ । संयुक्त राष्ट्रसंघबाट जारी अनुबद्ध र नेपाली उपभोक्तासम्बन्धी कानूनबाट उपभोक्ता शिक्षालाई राष्ट्रिय पाठ्यपुस्तक र आम उपभोक्तासम्म पुग्ने गरी सञ्चार माध्यमबाट शिक्षा प्रदान गर्नुपर्ने भनी कानूनी व्यवस्था भए पनि सो व्यवस्था बमोजिमको कुनै पनि काम सरकारले गर्न सकेको छैन ।

कानून कार्यान्वयनमा उपभोक्ता, संघ-संस्था र अधिकारकर्मीहरूको अत्यन्त ठूलो भूमिका हुन्छ, तर नेपालका सन्दर्भमा भने उनीहरूको यस क्षेत्रमा भूमिका प्रभावकारी नभएकाले यसले गम्भीर चुनौती खडा गरेको छ ।

नेपाली उपभोक्तासम्बन्धी कानूनहरू प्रभावकारी कार्यान्वयनका लागि प्रतिस्पर्धा तथा उपभोक्ता संरक्षण विभाग तथा उपभोक्ता अदालतको स्थापना, उपभोक्ता शिक्षा कार्यक्रम र सक्रिय अधिकारीहरूको जस्ता विषयहरू महत्त्वपूर्ण हुन्छन् । यसका अतिरिक्त उपभोक्ता अधिकार संरक्षणका लागि उपभोक्ता संरक्षण कोष ऐन, उपभोक्ता अदालत ऐन, नेपाल गुणस्तर तथा प्रत्यायन (Accreditation) ऐन, केबल टेलिभिजन नेटवर्क नियमन ऐन, वायुसेवा मूल्य र गुणस्तरसम्बन्धी ऐन, ढुवानी ऐन, घर बहाल ऐन, धरौटी ऐन, हायरपर्चेज ऐन, सूचना प्रविधि ऐन, खाद्य मिसावट रोकावट ऐन, वस्तु बिक्री ऐन, अनुवांशिक श्रोतहरूमा पहुँचसम्बन्धी ऐन तथा स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी ऐन जस्ता विशेष कानून समेत आवश्यक हुन्छ जुन हालसम्म जारी भएको छैन । त्यसैगरी उपभोक्ता संरक्षण ऐन, २०५४ लागू भएपछि पहिलेका कतिपय कानून खारेज वा संशोधन हुनुपर्ने तथा विश्व व्यापार संगठनको सदस्य भएपछि जारी हुनुपर्ने कतिपय अन्य कानूनहरू समेत जारी भएका छैनन् ।

एकातर्फ नेपालमा आवश्यक कानूनकै अभाव छ भने अर्कोतर्फ नियमन निकाय र जिम्मेवार अधिकारीहरू अत्यन्त निष्क्रिय र उदासीन छन् । उपभोक्ताहरू जागरूक र अधिकारप्रति सजग नहुने र कार्यान्वयन कमजोर भेको अवस्थाको फाइदा लिंदै वस्तु तथा सेवा प्रदायकहरू उपभोक्ताको अधिकारलाई कुण्ठित पारिरहेका छन् । यहाँ प्रत्येक वस्तु र सेवाको क्षेत्रमा अनुचित व्यापारिक क्रियाकलाप भइरहेको पाइन्छ । फलस्वरूप उपभोक्ताले असहज र दुर्लभ आपूर्ति, महँगो मूल्य र गुणस्तरहीन सेवा र वस्तु उपभोग र प्रयोग गरिरहेको अवस्था छ ।

उपभोक्ता तथा प्रतिस्पर्धासम्बन्धी कानूनहरूको प्रभावकारी कार्यान्वयन भएमा मात्र बजारमा अनुचित व्यापारिक क्रियाकलाप नियन्त्रण हुने र बजारमा स्वच्छ प्रतिस्पर्धा कायम हुने सम्भावना बढ्दछ । स्वच्छ र प्रतिस्पर्धी बजारको स्थापनाबाट मात्र राष्ट्रका आर्थिक स्तम्भका रूपमा रहेका उपभोक्ता तथा उद्यमी-व्यवसायीलगायत सबैको हक अधिकारको संरक्षण हुन सक्दछ ।

यस परिप्रेक्ष्यमा राष्ट्रको समग्र आर्थिक विकासका लागि उपभोक्ता र प्रतिस्पर्धा तथा यसमा सहयोग पुऱ्याउने कानूनहरूको प्रभावकारी कार्यान्वयन ज्यादै महत्त्वपूर्ण देखिन्छ । यसका लागि सचेत र जागरूक उपभोक्ता, जिम्मेवार उद्यमी-व्यवसायी, सेवा प्रदायक संघ-संस्था तथा यसका लागि वकालत गर्ने उपभोक्ता, संघ-संस्था, अधिकारकर्मीहरू र नागरिक समाजका महत्त्वपूर्ण भूमिका हुन्छ । यसको अभावमा स्वतन्त्र र प्रतिस्पर्धी बजारको विकास र उपभोक्ता संरक्षित हुने कल्पना गर्न सकिँदैन ।

**अधिवक्ता बानिया उपभोक्ता हित संरक्षण मञ्च नेपालका महासचिव हुनुहुन्छ ।**

# विश्व व्यापार संगठन र सामुदायिक रेडियो




**WTO अन्तर्गतका विभिन्न सम्झौताले प्रदान गर्ने अवसरहरूबाट फाइदा लिन र चुनौतीहरूको सामना गर्न ग्रामीण समुदायमा जनचेतना जगाउनुपर्दछ । यसका लागि सामुदायिक रेडियोले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ ।**

■ **गुणाकर अर्याल**

नेपाल विश्व व्यापार संगठन (World Trade Organization- WTO) को सदस्य भएको भण्डै चार वर्ष पुगिसक्दा पनि यसबाट प्राप्त हुने अवसर र चुनौतीहरूको लेखाजोखा भइरहेको छैन । त्यसबाहेक नेपालका ग्रामीण समुदाय त झन् यसबारे अनभिज्ञ छन् ।

विश्वव्यापीकरणले नेपालको आर्थिक विकासमा प्रत्यक्ष प्रभाव पार्दछ । त्यसमाथि नेपाल WTO को सदस्य भइसकेको अवस्थामा बहुपक्षीय सम्झौताहरू र नीति-नियमहरूका कारण नेपालीहरूको जीविकोपार्जनमा प्रत्यक्ष असर पार्दछ । यस्ता असरहरू नकारात्मक तथा सकारात्मक दुवै हुन सक्दछन् । सकारात्मक प्रभावको फाइदा उठाउन र नकारात्मक प्रभावबाट बच्नका लागि सरोकारवालाहरूमा चेतना हुनु आवश्यक छ । यस्ता चुनौतीहरूसँग जुझ्ने क्षमता बढाउन सके र नीतिनिर्माताहरूसम्म उनीहरूका कुरा पुऱ्याउन सक्ने अवस्था सिर्जना गर्न सकेमा मात्र मुलुकको आर्थिक विकास सम्भव हुन सक्छ । यस प्रयासमा सामुदायिक रेडियोजस्तो सञ्चार माध्यमले प्रभावकारी भूमिका निर्वाह गर्न सक्दछ ।

## सामुदायिक रेडियोको भूमिका

नेपालको ग्रामीण समुदायमा सामुदायिक रेडियोहरूले विभिन्न चेतनामूलक कार्यक्रमहरूसमेत सञ्चालन गर्दै आएका छन् । अशिक्षित समुदायसम्म महत्त्वपूर्ण विषयहरूमा छलफल र जागरणको अभियानमा रेडियोले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएकोमा द्विमत नहोला । अन्य विषयहरूलगायत WTO अन्तर्गतका सम्झौताहरू, नेपालको सदस्यता, तिनले समुदायको जीविकोपार्जनमा पार्न सक्ने असरजस्ता कुराहरू उनीहरूसम्म पुऱ्याई थप छलफलको सुरुवात गर्न नेपालका सामुदायिक रेडियोहरूले अभियान सुरू गर्नुपर्नेछ । सामुदायिक रेडियोले निम्न मुद्दाहरूमा कार्यक्रम सञ्चालन गर्न सक्छन्-

- नेपालको निर्यात प्रवर्द्धनमा ग्रामीण समुदायको पहुँच बढाउन भन्सार एवम् गैरभन्सार अवरोध र प्राविधिक तथा गुणस्तर मापदण्डका बारेमा सही जानकारी दिने ।
- कृषिमा असर पार्ने सम्झौताहरू, नीति-नियम तथा अनुदान, सहयोग एवम् यसले व्यापारमा पार्ने असरका बारेमा सरोकारवालाहरूलाई अवगत गराउने ।
- बौद्धिक सम्पत्ति अधिकारअन्तर्गत रहेको पेटेन्ट अधिकार, कृषकको बीउमाथिको अधिकार, औषधीउपर पहुँचजस्ता विषयहरूमा उत्पन्न संकटका बारेमा चेतना अभिवृद्धि गराउने ।
- आयातित बीउबिजनले बजार कब्जा गरी रैथाने बीउबाली स्थानीय क्षेत्रबाट विस्थापित हुँदै जानाले मुलुकभित्र आइलाग्ने समस्या, कृषक अधिकार र प्रजनकको अधिकारबीचको भिन्नता, यसले किसानलाई पार्ने अप्ठ्यारा र यी दुवैका बीचको समायोजनको सम्भावनाजस्ता विषयको जानकारी गराउने ।
- आनुवंशिक स्रोतमा पहुँच र त्यसको व्यापारिक प्रयोगबाट प्राप्त लाभको समन्यायिक बाँडफाँडका बारेमा स्थानीय समुदायलाई सुसूचित गराउने र जैविक स्रोत दर्ता एवम् अभिलेखीकरण गराउन प्रेरित गर्ने ।
- सेवा व्यापारको बढ्दो महत्त्वलाई ध्यानमा राखी सेवा व्यापारको उदारीकरण, वैदेशिक लगानी र दक्षलगायत अदक्ष कामदारहरूले विदेशमा गई काम गर्न पाउने छुटजस्ता विषयमा छलफल गर्ने ।
- अन्तर्राष्ट्रियबाहेक राष्ट्रिय कानूनहरूका बारेमा जानकारी दिने, यी कानूनहरूमा रहेका त्रुटि वा कमजोरीहरूका कारण स्थानीय समुदायलाई पर्न सक्ने बाधाहरूका बारेमा छलफल गर्ने र यी कुराहरूलाई नीतिनिर्मातासम्म पुऱ्याउन पहल गर्ने ।
- त्यस्तै क्षेत्रीय व्यापार सम्झौताहरू र नेपाल-भारत व्यापार सन्धिका विषयमा सही जानकारी प्रदान गर्ने र यी सम्झौताहरूले स्थानीय समुदायमा पार्न सक्ने असरबारे सचेतीकरण गराउने ।

उल्लिखित केही उदाहरणहरूमा समयमा नै कार्यक्रम तयार गरी जानकारी प्रदान गर्ने र छलफल सञ्चालन गर्ने कार्यमा स्थानीय सामुदायिक रेडियोहरूले सकारात्मक भूमिका निर्वाह गर्न सक्दछन् । व्यापारिक नीति तथा कानूनको सही ज्ञान र चेतनाका कारण समुदायमा हुनसक्ने असरहरू न्यूनीकरण गरी अधिक फाइदा लिन स्थानीय समुदाय सफल हुन सक्छन् ।

अन्ततः सुसूचित नेपाली कृषक, उद्योगपति या उत्पादकहरूले नै अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्ने, अनुसन्धान गर्ने र नयाँ ढङ्गले सोच्ने क्षमता राख्छन् जसले व्यापार-व्यवसाय बढाउँछ, मुलुकको आर्थिक स्तरलाई उँचो राख्छ र नयाँ नेपाल निर्माणमा पनि सहयोगी भूमिका निर्वाह गर्न सक्छ ।

अर्याल मदनपोखरा, पाल्पास्थित सामुदायिक रेडियो मदनपोखराका स्टेसन प्रबन्धक हुनुहुन्छ ।

# चिया उद्योग
# निर्यात सम्भाव्यता

चिया उद्योगमा नेपालको निर्यात सम्भाव्यता जानेर सरकारले यस उद्योगलाई नीति तथा योजनामा प्राथमिकतामा पारे पनि व्यवहारमा यो कार्यान्वयन हुन सकेको पाइँन्न ।

■ **मनिषा प्रधानाङ्ग**



चिया नेपालको एक महत्त्वपूर्ण उद्योगको रूपमा स्थापित भएको छ जसले करिब १ लाख ५ हजार मानिसहरूलाई रोजगारी दिनुको साथसाथै नेपालको निर्यात बढाउन पनि मदत गरेको छ । नेपालमा सीटीसी र अर्थोडक्स गरी दुई प्रकारका चिया उत्पादन हुन्छन् । सीटीसी चिया उत्पादन ठूला उद्योगहरूको अधीनमा छन् र उत्पादित सीटीसी चियाको अधिकांश भाग नेपालमै खपत हुन्छ । उत्पादनको दृष्टिबाट अर्थोडक्स चियाले केवल १२-१५ प्रतिशत भाग मात्र ओगट्न सकेको भए पनि संलग्नताको हिसाबबाट ७० प्रतिशत साना किसान यसमा निर्भर छन् र यो चिया नै नेपालबाट जर्मनी, जापान, अमेरिकाजस्ता देशहरूमा राम्रो मूल्यमा निर्यात हुने गरेको छ ।

नेपालका पूर्वी जिल्लाहरू इलाम, पाँचथर, धनकुटा, तेह्रथुम, झापा र ताप्लेजुङमा प्रायः चियाको खेती हुन्छ । हालका वर्षहरूमा नेपालमा चिया खेतीमा वृद्धि हुँदै गएको छ। सन् १९९४/९५ मा जम्मा ३ हजार ७ सय १४ हेक्टर जमीन चिया खेतीमा प्रयोग भएको थियो भने सन् २००३/०४ मा १५ हजार हेक्टर जमीन चिया खेतीमा प्रयोग भएको देखिन्छ । यसैगरी सन् १९९४-२००४ को बीचमा चिया खेतीका साथसाथै चिया उत्पादनमा पनि पाँच गुना वृद्धि भएको छ । यो वृद्धि साना किसानको चिया उद्योगमा बढ्दो सहभागिताका कारण भएको हो । १९९४/९५ मा चिया उद्योगको ५ प्रतिशतमा मात्र साना किसानहरूको सहभागिता थियो भने सन् २००३/०४ भित्र साना किसानको हिस्सा बढेर ३८ प्रतिशत पुगेको छ। किसानको सहभागितामा भएको वृद्धिसँगसँगै चिया उत्पादन र निर्यातमा पनि वृद्धि भएको छ । सन् १९९४/९५ मा ४३ लाख किलो चिया मात्र निर्यात भएको थियो भने सन् २००४ मा ७००० टनभन्दा बढी चिया नेपालबाट निर्यात भयो ।

चिया उद्योगमा नेपालको सम्भाव्यता जानेर नेपाल सरकारले पनि यो उद्योगलाई प्रोत्साहित गरेको छ । सन् १९८२ मा चिया खेतीको विस्तार गर्न सरकारले उत्तरी नेपालका पाँच जिल्लाहरूलाई टी जोन घोषणा गरेको थियो । यसै गरी चिया उद्योगलाई बढावा दिन सरकारले निजी क्षेत्रको सहभागिता बढाउन खोजेको छ। यसै अनुरूप सरकारी स्वामित्व रहेको चिया विकास प्राधिकरणलाई निजीकरण गरियो । साथसाथै सन् २००० मा नेपाल सरकारले 'चिया नीति' तर्जुमा गरी चिया विकासका लागि कैयौं लक्ष्यहरू निर्धारण गरेको छः जस्तै- चिया उत्पादनको परिमाण र गुणस्तरमा वृद्धि गर्ने, चिया खेतीमा संलग्न कृषकहरूलाई प्रोत्साहित गर्ने र चिया विदेशी मुद्रा आर्जनको राम्रो स्रोत हुन सक्ने भएकाले चियाको निर्यातलाई प्रोत्साहन गर्ने ।

बितेको दशकमा चिया उद्योगमा नेपालले धेरै विकास गरेको देखिन्छ, तर चियाको निर्यात क्रमशः बढाउन र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता बढाउन नेपालले अझ पनि थुप्रै चुनौतीहरूको सामना गर्नुपर्नेछ । खेतीयोग्य जमीनको कमी चिया उद्योगमा एक महत्त्वपूर्ण अवरोधका रूपमा देखिएको छ । नेपालको भूमिसम्बन्धी ऐन, २०२१ ले जग्गाको हदबन्दी तोकेको भए पनि कतिपय कृषि प्रयोजन, उद्योग र सहकारीको कार्यमा सरकारले निर्णय गरी छुट दिन सक्ने कानूनी प्रावधान रहेको पाइन्छ । यस परिप्रेक्ष्यमा आठौं पञ्चवर्षीय योजनाले यस कुरालाई उल्लेख गरेको भए पनि चिया खेतीका लागि जग्गाको हदबन्दी बढाउने सम्बन्धमा कुनै निर्णय नभएकाले मुख्यतः निजी क्षेत्रका चिया उद्योगहरूलाई अप्ठ्यारो परेको छ ।

यसै गरी नेपाली चिया उद्योगमा राम्रो अध्ययन र अनुसन्धान नभएको र सरकारको तर्फबाट पनि यस क्षेत्रमा अनुसन्धानका लागि पहल नभएकाले यसको विकासमा नकारात्मक प्रभाव परेको देखिन्छ । 'चिया नीति' ले अनुसन्धान प्रयोगशाला स्थापना गर्ने लक्ष्य लिए पनि यस सम्बन्धमा कुनै कदम चालिएको छैन । चिया उद्योगमा अनुसन्धानको आवश्यकता चियाको बोट छान्नेदेखि, विषादीको प्रयोग, उत्पादन प्रक्रिया, प्राविधिक एवम् गुणस्तरीय मापदण्ड सबैमा पर्दछ । त्यसैले चिया अनुसन्धान प्रयोगशाला स्थापना गर्नु नेपाली चिया उद्योगका लागि अत्यन्तै महत्त्वपूर्ण देखिन्छ।

अनुसन्धान प्रयोगशालाका साथसाथै चियाको मूल्य निर्धारण गर्न लिलाम घरको पनि आवश्यकता देखिन्छ । लिलाम घरले चिया बिक्रेता र खरिददारहरूलाई एकै ठाउँमा ल्याएर चियाको उचित मूल्य निर्धारण गर्न मदत गर्दछ । यसै गरी चियाका अन्तर्राष्ट्रिय खरिददारहरू तान्न सक्ने ठूलो चिया बजारको सुरूवात पनि हुन सक्छ । साथसाथै लिलाम घरले साना किसानहरूलाई आकर्षित गरेर उनीहरूको सहभागिता बढाउन मदत गर्न सक्छ ।

बितेका केही दशकमा चिया उद्योगमा कृषकहरूको बढ्दो सहभागिता तथा चियाको उत्पादन र निर्यातमा वृद्धि भएबाट नेपालका लागि यो एउटा महत्त्वपूण उद्योगको रूपमा देखापरेको छ । नेपाल सरकारले पनि यसको महत्त्वलाई बुझेर नै यसका लागि विशेष कार्यक्रमहरु ल्याएको पाइन्छ । तथापि व्यवहारमा यो लागू हुन सकेको छैन । यस परिप्रेक्ष्यमा चिया उद्योगको विकासको लागि सरकारले आवश्यक नीति, कानूनको निर्माण र त्यसको प्रभावकारी कार्यान्वयनका लागि अविलम्ब पहल गर्नु आवश्यक भइसकेको छ।

प्रधानाङ्ग सावतीमा कार्यरत हुनुहुन्छ ।

# अति ऋणग्रस्त गरिब राष्ट्रहरूसम्बन्धी व्यवस्था

अति ऋणग्रस्त गरिब राष्ट्रहरू HIPC मा समावेश हुँदा अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकले तय गरेका आर्थिक सुधार र गरिबी निवारणका कार्यक्रमहरू नै कार्यान्वयन गर्नुपर्ने जस्ता शर्त भएकाले यसमा समावेश हुने भन्ने कुरा ऋणग्रस्त राष्ट्रहरूका लागि अद्यपि अन्यौलकै विषय बनेको छ ।

■ कपिल गौतम

विकासोन्मुख तथा अल्पविकसित राष्ट्रहरूले विकासका लागि वित्तीय स्रोत जुटाउन विभिन्न क्षेत्रीय तथा बहुपक्षीय स्रोतहरूमार्फत वैदेशिक ऋण लिने प्रवृत्ति बढेर गएको छ । यस्ता स्रोतबाट लिइने ऋणको उपयोग सही ढंगबाट हुन नसक्दा यी राष्ट्रहरूमा ऋणभार पनि बढ्दै गएको छ । राजस्वको ठूलो भाग ऋणको साँवा तथा ब्याज तिर्नमा खर्च गर्नुपर्दा यी राष्ट्रको आर्थिक तथा सामाजिक विकासका लक्ष्य प्रभावित हुने गरेका छन् । यो परिवेशमा अत्यधिक ऋणभारको कारण आर्थिक विकासमा पछाडि परेका मुलुकलाई आर्थिक स्तरमा सहयोग गरी यी मुलुकको गरिबी घटाउदै लैजाने उद्देश्यले अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकले सन् १९९६ मा विश्वव्यापी रूपमा अति ऋणग्रस्त गरिब राष्ट्रहरूसम्बन्धी (Heavily Indebted Poor Countries- HIPC) कार्यक्रम अगाडि ल्याएका छन् ।

HIPC मा सहभागी हुन चाहने राष्ट्रको आर्थिक अवस्था कस्तो हुनुपर्ने भन्ने सम्बन्धमा अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकले केही अवस्था र चरणहरू निर्धारण गरेका छन्:

- वैदेशिक ऋणको वस्तु र सेवाको निर्यातसँगको अनुपात (खुद वर्तमान मूल्यमा) १ सय ५० प्रतिशत अथवा सोभन्दा बढी भएको हुनुपर्ने,
- वैदेशिक ऋणको राजस्वसँगको अनुपात (खुद वर्तमान मूल्यमा) २ सय ५० प्रतिशत वा सोभन्दा माथि भएको हुनुपर्ने,
- वस्तु र सेवाको निर्यातको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३० प्रतिशत वा सोभन्दा कम भएको हुनुपर्ने र
- राजस्वको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १५ प्रतिशत वा सोभन्दा कम भएको हुनुपर्ने ।

उल्लिखित आवश्यक अवस्थाहरू पूरा भएपछि HIPC मा सहभागी हुन चाहने राष्ट्रले दुई चरण पार गर्नुपर्ने हुन्छ । पहिलो चरणको समयावधि तीन वर्षको हुन्छ जसमा विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले निर्देशन गरे बमोजिम आर्थिक सुधार र गरिबी निवारणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ । यस अवधिमा भएका आर्थिक सुधार र गरिबी निवारणका कार्यक्रमहरूको लेखाजोखापछि सम्बन्धित राष्ट्र ऋण तिर्न सक्ने अवस्थामा छ या छैन भनी निर्णय गरिन्छ जसलाई निर्णय बिन्दु (Decision point) भनिन्छ । दोस्रो चरणअन्तर्गत ऋणको मात्रालाई धान्न सक्ने अवस्था छैन भन्ने देखिएमा त्यो राष्ट्रको ऋण मिनाहा गरिन्छ जसलाई पूर्ण विन्दु (Completion Point) भनिन्छ । राष्ट्रको आर्थिक विकास र गरिबी निवारणमा सहयोग पुग्ने अपेक्षाले आज विश्वका धेरै राष्ट्र यसमा समावेश भएका छन् । सन् २००७ सेप्टेम्बरसम्ममा विश्वका २२ राष्ट्रहरू निर्णय बिन्दु मा पुगेका छन्, १० राष्ट्रहरू पूर्ण विन्दु मा छन् भने ९ वटा राष्ट्र HIPC मा सहभागी हुनसक्ने अवस्थामा छन्, जसमा नेपाल पनि पर्दछ ।

अन्तर्राष्ट्रिय मुद्रा कोषको एक टोलीले २००४ सम्मको तथ्याङ्कको विश्लेषण गरी नेपाल पनि यसमा सहभागी हुनसक्ने अवस्थामा रहेको जानकारी दिएको थियो । अध्ययन-अनुसार नेपालको वैदेशिक ऋणको वस्तु तथा सेवासँगको अनुपात १ सय ९८ प्रतिशत र वैदेशिक ऋणको राजस्वसँगको अनुपात २ सय ५५ प्रतिशत देखिएको थियो । यो तथ्याङ्क अन्तर्राष्ट्रिय मुद्रा कोषले तोकेको मापदण्डभन्दा बढी भएका कारण नेपाल पनि यसमा सहभागी हुन सक्दथ्यो । यदि नेपालले HIPC मा सहभागी भएको भए यसमा सहभागिता जनाउने पहिलो एशियाली राष्ट्र हुने थियो । दक्षिण एशियाली राष्ट्रहरूमा अफगानिस्थान HIPC मा सहभागी हुने पहिलो राष्ट्र बनेको छ । सन् २००७ जुलाईमा यसमा समावेश भएको अफगानिस्थानले विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले निर्देशन गरेबमोजिम आर्थिक सुधार र गरिबी निवारणका कार्यक्रमहरू कार्यान्वयनमा ल्याएको छ ।

HIPC मा समावेश भएपछि अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकले तय गरेका आर्थिक सुधार र गरिबी निवारणका कार्यक्रमहरूलाई कार्यान्वयनमा ल्याउनुपर्ने भएकाले यसबाट ऋणग्रस्त राष्ट्रहरूलाई वास्तवमै फाइदा पुग्छ या पुग्दैन, छलफलको विषय बनेको छ । HIPC मा सहभागी भइरहेका राष्ट्रहरूको आर्थिक अवस्था हेर्दा अल्पकालमा केही राष्ट्रहरू यसबाट लाभांवित भएका देखिए पनि दीर्घकालमा भने यी राष्ट्रको ऋणभारको अवस्थामा सुधार देखिएको छैन । त्यस कारण पनि HIPC मा सहभागी हुनसक्ने अवस्थामा पुगेका विभिन्न राष्ट्र यसमा समावेश हुने या नहुने भन्ने विषयमा अन्योलमा छन् भने काजकिस्तान-लगायतका कतिपय राष्ट्रहरूले यसमा समावेश नहुने निर्णयसमेत गरेका छन् । HIPC मा सहभागी हुनसक्ने अवस्थामा रहेको काजकिस्तानको सरकारले पनि यसमा समावेश हुने सोच बनाइरहेका बेला नागरिक समाजले HIPC विरूद्ध दिएको दबावले यसमा समावेश हुँदा फाइदाभन्दा बेफाइदा धेरै हुने ठानी समावेश हुन अस्वीकार गर्‍यो । अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् १९८० को दशकमा ल्याएको संरचनात्मक समायोजन कार्यक्रम (Structural Adjustment Programme) लाई HIPC को माध्यमबाट कार्यान्वयनमा ल्याउन खोजिएको र यसबाट राज्यको ऋण भार घट्नुको साटो देश अझै सङ्कटमा जाने धारणा विभिन्न राष्ट्रहरूको छ ।

HIPC मा सरिक भई ऋणको मात्रालाई धान्न सक्ने अवस्थामा आइसकेका राष्ट्रहरूले पनि ऋणको सही व्यवस्थापन गर्न नसक्दा अझै समस्यामा परेका छन् । त्यसैले HIPC मा सरिक हुने या नहुने भन्ने विषय सम्बन्धित राष्ट्रका निम्ति दूरगामी महत्त्व राख्ने विषय भएको हुँदा यस्तो कुरामा निर्णय लिनु पूर्व प्रशस्त छलफल र गृहकार्य गर्नु आवश्यक देखिन्छ । ⊡

गौतम सावतीमा कार्यरत हुनुहुन्छ ।

# व्यापार गरौं जिन्दगी सपारौं

■ मदन लम्साल

तु पैसा (क्विक मनी) कमाउने तरिका के हुन सक्छ ? व्यापार !!!

पत्यार लागेन ? त्यसो भए व्यापारीलाई सोध्नुस्, व्यापारी चिन्नुभएको छैन भने हाम्रै सरकार भनाउँदोलाई सोधे पनि हुन्छ । व्यापारबाटै 'क्विक मनी' बन्ने भएरै त होला व्यापारीजस्तै सरकारले पनि उद्योगसुद्योगको साटो व्यापारलाई नै प्राथमिकता दिइराखेको । व्यापार गर्दा सरकारलाई तु. राजस्व प्राप्त हुने अनि पाउने व्यापारीलाई तु. नाफा/कमिसन त छुट्टै छ । उद्योग गर्दा कछुवाको तालमा आउने पैसाले व्यापारी र सरकारमा बस्नेहरूले कसरी मोज गर्ने ? आखिर यस मुलुकमा सत्तामा पुगेपछि एउटा व्यक्ति टिक्ने भनेको त्यही २-४ महिनादेखि २-४ वर्ष न हो जबकि एउटा उद्योग खुल्नै ४-५ वर्ष लाग्छ, त्यसबाट आउने नाफा त कहिले हो कहिले !

हुन त व्यापारको आइडिया आजका नेता वा व्यापारीकै भने चाहिँ होइन । यो त परापूर्वकालदेखि (जति बेला नेपाल गणतन्त्र थियो अरे) नै चलिआएको हो । लिच्छविले पनि त्यही गरे, मल्लहरूले त व्यापारबाहेक अरु केही जानेकै थिएनन् । राणा, शाहहरूले पनि त्यसैलाई निरन्तरता दिएका थिए । भारतीय सामान चाइनिज सीमामा अनि चाइनिज सामान भारतीयको नाकैमुनि राखेर व्यापार गर्नु हाम्रो पुर्ख्यौली खुबी हो । त्यो परम्परा अहिले पनि कायमै छ । यसमा केही सुस्तता र विकार पलाएको छ ।




तर काइदा जान्यो भने व्यापारमा फाइदैफाइदा छ ।

पहिलो कुरा त उद्योगमा जस्तो व्यापारमा त्यति प्रतिस्पर्धा गर्नै पर्दैन । कुनै अलि अलि नाम चलेको विदेशी कम्पनीलाई नेपालमा उसको अधिकृत विक्रेता बन्न इच्छुक रहेको निवेदन लेख्यो । त्यस्ता विदेशी कम्पनी मुर्गा पाऊँ र आफ्नो सामान बेचूँ भनेर पर्खिरहेकै हुन्छन् । तिनले त्यस्ता निवेदक सेल्स एजेन्ट नियुक्त भएको चिठी तु. पठाइदिइहाल्छन् ।

अनि भएजति सम्भावित ग्राहकहरूलाई लन्चमा बोलाएर उत्पादनको लन्चिङ गरिदियो । त्यसपछि पत्रपत्रिकामा विदेशीकै पैसाले विज्ञापन पनि ठेलिदियो । त्यसपछि त के चाहियो ? धमाधम सामानको बिक्री । साहुजीसँग पैसा निस्फिक्री । सामान कहाँ बनेको हो र त्यो स्वास्थ्यका लागि लाभदायक छ वा हानिकारक छ भन्ने कुरा नेपाली उपभोक्तालाई बताइरहनु जरूरी छैन व्यापारीलाई फाइदा हुने भए जे बेचे पनि हुन्छ । उसको काम आखिर व्यापार गरेर नाफा कमाउने न हो, समाजसेवा त होइन । सामानमा विवरण लेख्ने, लेबल टाँस्ने आदि झन्झट सरकारले नै लगाएको छैन भने व्यापारी आफैंले बिनसित्ति नदुखेको कपाल किन दुखाउने ?

'इम्पोर्टेड' सामान बेच्ने भएपछि पत्रकार र समाजका नजरमा साहुजी ठूलै उद्योगपति भइहाल्छन् । नेपाली प्रेस, समाज र सरकारले पनि 'व्यापारी' र 'उद्यमी' बीच कुनै भेदभाव नराखी समान व्यवहार गर्ने गरेका छन् । यसो गर्दाको सबैभन्दा ठूलो फाइदा के हो भने सुरुमा उद्योग-कारखाना खोलेका ठूला-ठूला उद्यमीसमेत त्यो धन्दा छोडेर व्यापारतिरै लागिपरेका छन् ।

फेरि उद्योग चलाउने नेपाली परम्परा र संस्कार पनि त होइन । त्यो हाम्रो रगतमा पनि छैन । लिच्छवि, मल्ल, शाह, राणा र ठकुरीहरूले नसिकाएको भए त व्यापारै पनि गर्न जान्दैनथ्यौं कि क्या हो क्या हो !

धन्न अमेरिकाले कपडामा, भारतले घिउमा र बेलायतले लाहुरेका लागि कोटा दिएकाले अलि-अलि उद्योग चलाउने भैखाका छौं हामी । नत्र त उही घिउ कोदोसँग तमाखु, आलुसँग मुला र धानसँग हलो 'साटासाट' गरेरै बसिरहेका हुन्थ्यौं होला ।

गार्मेन्ट, कार्पेट, पस्मिना, चिया आदि उद्योग हामीमा उद्यमशीलता र सीप नभएर बिग्रिएका पक्कै होइनन् । जब विदेशीहरूले हाम्रो श्रम राम्रै दाममा किनिदिइरहेका छन् भने अनाहकमा उद्योगमा पसिना बगाउन हामी किन लाग्ने ? हामी त्यसै पनि त वीर गोरखाली पो हौं ! हाम्रो बहादुरी कति व्यापक र गम्भीर छ भने कसैले व्यापार गर भनेर सामान दिए मात्र हामीले व्यापार गर्दिने हो, नत्र भोकै मर्दिनसमेत हामी पछि पर्दैनौं तर उद्योगसुद्योगको चक्करमा भने कदापि पर्नेवाला छैनौं ।

त्यसैले त हेर्नुस् न, खोलाको पानी दक्षिणतिर बग्याबग्यै छ । न आफूले उपयोग गर्‍यौं न त छिमेकीलाई जलविद्युत् बनाउन दियौं वा दिनेवाला छौं । नेपाल हेर्न आउँछु भन्ने विदेशीहरूलाई न आफूले ल्यायौं न अरूलाई ल्याउन दिनेवाला छौं । त्यसैले व्यापारै गरौं, जिन्दगी सपारौं, नयाँ नेपाल बनाऔं । भए-बाँचेका उद्योगहरू तत्काल बन्द गरौं, बन्द गराऊँ !!!

*लम्साल आजको अभियान साप्ताहिकका प्रधान सम्पादक हुनुहुन्छ ।*

# प्रतिस्पर्धा कानूनको कार्यान्वयनमा सरोकारवालाको भूमिका

**सावती** र एक्सन एड नेपालले संयुक्त रूपमा २१ असोज २०६४ मा *प्रतिस्पर्धा कानूनको कार्यान्वयनमा सरोकारवालाको भूमिका* विषयक पच्चीसौं द्वैमासिक छलफल कार्यक्रम आयोजना गर्‍यो । प्रतिस्पर्धा कानून संसद्‌बाट पारित भइसके पनि नियमावलीको अभावमा सो कानून कार्यान्वयन नभएको परिप्रेक्ष्यमा सरोकारवालाले कस्तो भूमिका खेल्न सक्छन् भनेर छलफल गर्ने उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको थियो ।




कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै श्री रत्नाकर अधिकारीले प्रतिस्पर्धा ऐनमा धेरै सकारात्मक पक्षहरू रहे पनि नकारात्मक पक्षहरू हाबी रहेको जिकिर गर्दै त्यस्ता कमजोरीहरूलाई निराकरण गर्नका लागि सरोकारवालाहरू सक्रिय रूपमा लाग्नुपर्ने कुरामा जोड दिनु भएको थियो ।

कार्यपत्रमा वाणिज्य विभागका महानिर्देशक श्री प्रेमकुमार राई, नेपाल उद्योग-वाणिज्य महासंघका द्वितिय उपाध्यक्ष श्री कुशकुमार जोशी र राष्ट्रिय उपभोक्ता मञ्चका सदस्य श्री ऋषि निरौलाले टिप्पणी गर्नुभएको थियो ।

कार्यक्रममा एक्सन एड नेपालका टिम लिडर इला शर्माले कार्यक्रमको उद्देश्यमा प्रकाश पार्नुभएको थियो । त्यस्तै कार्यक्रममा अध्यक्षको मन्तव्य राख्दै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव प्रचण्डमान श्रेष्ठले सरकारलगायत विभिन्न संघ-संस्था र सरोकारावालाहरू सबै मिलेर अगाडि बढेमा मात्र प्रतिस्पर्धा नियमको कार्यान्वयनले सकारात्मक प्रभाव पार्ने धारणा राख्नु भएको थियो ।

उद्योग, व्यवसायी, कानूनविद्, सरकारी निकाय र विभिन्न सरोकारवालाहरू गरी कार्यक्रममा ३५ जनाको सहभागिता रहेको थियो ।

# मानव विकासका लागि व्यापार विविधीकरण

**सावती** र एक्सन एड नेपालले संयुक्त रूपमा २५ साउन २०६४ मा 'मानव विकासका लागि व्यापार विविधीकरण' विषयक छलफल कार्यक्रमको आयोजना गरे । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, क्षेत्रीय केन्द्र, कोलम्बोको सहयोगमा सावती र एक्सन एड नेपालले संयुक्त रूपमा गरेको अनुसन्धान प्रतिवेदन सो कार्यक्रममा सार्वजनिक गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय योजना आयोगका सदस्य माननीय डा. पोषराज पाण्डेले अनुसन्धानका आधारमा तयार पारिएका तीनवटा पुस्तकहरूको विमोचन गर्दै अनुसन्धानले दिएका सुझावहरूले नयाँ बन्न लागेको औद्योगिक नीतिमा पनि सहयोग पुर्‍याउने धारणा व्यक्त गर्नु भएको थियो । सावतीका कार्यकारी अध्यक्ष रत्नाकर अधिकारीले तयारी पोसाकको कोटा प्रणालीको खारेजीले मानव विकासमा थपिएका चुनौतीको सामना गर्न प्रयत्नको ठूलो खाँचो भएको औंल्याउनु भएको थियो । कार्यक्रममा सावतीका कार्यकारी निर्देशक नवीन दाहाल र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, क्षेत्रीय केन्द्र कोलम्बोका युमिको यामामोटोले प्रस्तुत गर्नुभएका कार्यपत्रहरूमाथि नेपाल तयारी पोसाक उद्योग महासंघका अध्यक्ष किरण साखः र त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा. पुष्कर बज्राचार्यले टिप्पणी गर्नुभएको थियो ।

उद्योग-वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव पुरूषोत्तम ओझाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उद्यमी, कानून व्यवसायी, नेपाल सरकारका पदाधिकारीहरू, पत्रकार-समेत ५० जनाको सहभागिता थियो ।

# आर्थिक विकास र नयाँ औद्योगिक नीति

**नेपाल** उद्योग-वाणिज्य महासंघ र सावतीले संयुक्त रूपमा प्रस्तावित औद्योगिक नीतिमा कस्ता विषयवस्तुको समावेश आवश्यक छ भन्ने विषयमा सरोकारवालाहरूबीच छलफल गराउने उद्देश्यले आर्थिक विकास र नयाँ औद्योगिक नीति' विषयक छलफल कार्यक्रम सम्पन्न गर्‍यो ।

कार्यक्रमको उद्घाटन गर्दै अर्थमन्त्री डा. रामशरण महतले एकातिर उत्पादकत्व नबढेको र अर्कातर्फ उत्पादन लागतमा भएको वृद्धिले प्रतिस्पर्धात्मक क्षमता एवम् नयाँ लगानीको अवसरसमेत गुमिरहेको बताउनु भएको थियो । कार्यक्रममा महासंघका अध्यक्ष चण्डीराज ढकालले औद्योगिक नीति स्वदेशी र विदेशी दुवै लगानीकर्तालाई आकर्षित गर्ने खालको हुनुपर्ने धारणा राख्नुभएको थियो । कार्यक्रममा बोल्दै सावतीका कार्यकारी अध्यक्ष रत्नाकर अधिकारीले देशको औद्योगिक विकासका लागि नयाँ औद्योगिक नीति जरूरी भइसकेको उल्लेख गर्नुभएको थियो ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. शंकर शर्माले औद्योगिक विकासका लागि अर्थ र उद्योग मन्त्रालयको कार्यशैलीमा सुधार गर्नु जरूरी भएको बताउनु भएको थियो । उहाँले औद्योगिक सुरक्षा र प्रभावकारी एकद्वार प्रणाली लागू गर्नुपर्ने लचिलो श्रमनीति तथा अन्त:शुल्क फिर्ता प्रक्रिया सरल हुनुपर्ने, प्रत्यक्ष वैदेशिक लगानीलाई आकर्षित गर्नुपर्नेजस्ता सुझाव दिनु भएको थियो ।

कार्यपत्रमाथि महासंघको औद्योगिक प्रवर्द्धन समितिका सभापति प्रदीपजङ्ग पाण्डे, सावतीका कार्यकारी निर्देशक नवीन दाहाल, उद्योग-वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव तेजरत्न शाक्य, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष सुरेन्द्रवीर मालाकार, नेपाल उद्योग परिसंघका उपाध्यक्ष नरेन्द्र बस्न्यात, प्राध्यापक डा. मदन दाहालले टिप्पणी गर्नुभएको थियो । कार्यक्रममा उद्यमी, कानून व्यवसायी, नेपाल सरकारका पदाधिकारी, पत्रकारलगायत ६० जनाको सहभागिता रहेको थियो ।

# कृषक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन

सावती र लोकल इनिसिएटिभ फर बायोडाइभर्सिटी, रिसर्च एन्ड डेभेलपमेन्ट (लिबर्ड), पोखराले संयुक्त रूपमा २८-२९ अगस्ट २००७ मा काठमाडौंमा **विश्वको परिवेशमा कृषक अधिकार** विषयक अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरे ।




नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, नर्वे, नेदरल्यान्ड्स, फ्रान्सलगायत १० देशका करिब ५० जनाको सहभागिता रहेको यस सम्मेलनमा विज्ञहरूले हालको बौद्धिक सम्पत्ति अधिकार कृषकहरूको जीविकोपार्जनको सुरक्षा गर्न असमर्थ रहेको तर उचित राष्ट्रिय कानूनद्वारा कृषक अधिकार सुनिश्चित गर्न सकिने निष्कर्ष निकालेका थिए । सहभागीहरूले सम्बन्धित सरकारहरूलाई कृषक एवम् सम्बन्धित सरोकारवालाहरूको हक, हित सुरक्षित गर्न उचित नीति, नियम तथा कानून तर्जुमा गर्न ध्यानाकर्षण गरेका थिए ।


विभिन्न सरोकारवालाहरूबीच कृषक र प्रजनकको धारणामा कृषक अधिकारका विषयमा अन्तर्क्रिया गराउने; राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी कानून र अनुवंशिक स्रोतमा पहुँच र लाभको बाँडफाँडबारे सम्बन्धित कानूनहरूले प्रदान गरेका अवसर र चुनौतीको समीक्षा गर्ने, कृषक अधिकार सुनिश्चित गर्न आवश्यक प्रक्रिया पहिचान गर्ने र विकासोन्मुख राष्ट्रका सरकारहरूलाई अन्तर्राष्ट्रिय स्तरमा वार्ता गरी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय एजेन्डा तयार गर्ने उद्देश्यले यस सम्मेलनको आयोजना गरिएको थियो ।

कार्यक्रमको उद्घाटन सत्रमा राष्ट्रिय योजना आयोगका सदस्य माननीय भीमप्रसाद न्यौपानेले नेपालजस्तो जैविक विविधतामा धनी मुलुकले बौद्धिक सम्पत्ति अधिकार र कृषक अधिकारबीच समन्वय कायम गर्नुपर्ने धारणा व्यक्त गर्नुभएको थियो । उहाँले नेपाल सरकारले कृषकको अधिकार सुनिश्चित गर्न बिरूवाको जात संरक्षणसम्बन्धी कानून चाँडै लागू गर्न लागेको जानकारी दिनुभएको थियो ।

कार्यक्रममा लिबर्डका कार्यकारी निर्देशक डा. प्रताप श्रेष्ठले सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो भने Bangladesh Environmental Lawyer's Association (BELA) का निर्देशक रिज्वाना हसनले धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रमको अध्यक्षता सावतीका कार्यकारी अध्यक्ष रत्नाकर अधिकारीले गर्नुभएको थियो ।

# दक्षिण एशियाको भावी व्यापार नीति


अक्सफाम नोभिबको सहयोगमा सावतीले ३०-३१ अगस्ट २००७ मा 'दक्षिण एशियाको भावी व्यापार नीति' विषयक क्षेत्रीय गोष्ठीको आयोजना गऱ्यो । बङ्गलादेश, पाकिस्तान, भारत, नेपाल र श्रीलङ्काका विभिन्न सरोकारवालाहरू, नागरिक समाज, पत्रकार, सरकारी कर्मचारी, नीतिनिर्माताहरूलगायत ५० भन्दा बढीको सहभागिता रहेको सो कार्यक्रममा दक्षिण एशियाको भावी व्यापार नीति कस्तो हुनुपर्दछ भन्ने विषयमा छलफल गरिएको थियो । दुईदिने कार्यक्रमका सहभागीहरूले दक्षिण एशियाली राष्ट्रहरूले आपसी सहयोग र समभ्रूदारीमा बहुपक्षीय व्यापार प्रणालीलाई सुदृढ बनाई आर्थिक विकास र गरिबी निवारणको प्रयास गर्नुपर्ने निचोड निकालेका थिए । सहभागीहरूले सार्क सचिवालयलाई सशक्त बनाउनुपर्ने र आपूर्ति पक्षका कमजोरीहरू पहिचान गर्नुपर्ने कुरामा जोड दिएका थिए । विज्ञहरूले दक्षिण एशियाली राष्ट्रहरूले उदारीकरणको प्रक्रियाबाट सकेसम्म लाभ लिन सक्नुपर्ने विचार व्यक्त गरेका थिए ।





कार्यक्रमको उद्घाटन सत्रमा मन्तव्य राख्दै राष्ट्रिय योजना आयोगका सदस्य माननीय डा. पोषराज पाण्डेले दिगो आर्थिक विकास र मानिसको जीवनस्तरमा सुधार ल्याउन व्यापार नीति साध्य नभई एउटा साधन मात्र रहेको उल्लेख गर्नुभयो । व्यापार नीतिले मुख्यतः व्यापार विस्तारमा नै जोड दिनुपर्ने उहाँले बताउनुभयो । त्यस्तै सावतीका कार्यकारी अध्यक्ष रत्नाकर अधिकारीले दक्षिण एशियाली सरकारका लागि व्यापार नीतिमा सहजता ल्याउन गैरसरकारी व्यक्तिहरूको सहभागिता पनि महत्त्वपूर्ण हुने बताउनुभयो ।

उदघाट्न सत्रमा Institute of Policy Studies (IPS), श्री लंकाका कार्यकारी निर्देशक डा. समन केलेगमा, Foreign Trade Institute, पाकिस्तानका महानिर्देशक डा. सफदर सोहिल, नेपालका विदेश मन्त्रालयका सचिव श्री ज्ञानचन्द्र आचार्य र कार्यक्रमको अध्यक्षता गर्नुभएका Consumer Utility and Trust Society (CUTS) भारतका महासचिव प्रदीप मेहताले दक्षिण एशियाको भावी व्यापार नीतिका विषयमा आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

# नयाँ प्रकाशनहरू


A dialogue on trade and development in South Asia
Vol. 3, No. 2, 2007
TRADE insight
IPR and
Development Concerns in
South Asia
IPRs AND GENDER | PROTECTING FARMERS' RIGHTS | TRIPS AND ACCESS TO MEDICINE


DISCUSSION PAPER
Government
Support to Textiles and
Clothing Sector
A STUDY OF SELECT ASIAN COUNTRIES
SAWTEE


Anti-Competitive Practices in
Nepal's Petroleum Sector
SAWTEE


Review of Article 27.3 (b) of
TRIPS Agreement
POLICY ISSUES FOR SOUTH ASIA
POLICY BRIEF
NO. 14, YEAR 2007


Protecting Farmers' Rights
in the Global IPR Regime
CHALLENGES AND OPTIONS FOR DEVELOPING COUNTRIES
POLICY BRIEF
NO. 15, YEAR 2007


ISSUE PAPER
IPRs in agriculture
The law and its use
in development


नेपालको कृषिजन्य वस्तु
निर्यातमा भएका अवरोधहरु
अंक १ २०६४
जानकारी पत्र
A Publication of South Asia Watch on Trade, Economics & Environment
SAWTEE


विश्व व्यापार संगठनमा नेपाल
प्रतिबद्धता कार्यान्वयनको स्थिति
अंक २ २०६४
जानकारी पत्र
BRIEFING PAPER
SAWTEE


नीतिसार
अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक व्यापारको लागि
कृषि व्यवसाय प्रवर्द्धन

SAWTEE
SOUTH ASIA WATCH ON TRADE, ECONOMICS & ENVIRONMENT

सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुहरूमा अनुसन्धान र वकालत तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सन् १९९४ मा खडा भएको दक्षिण एशियाली राष्ट्रका ११ वटा संस्थाहरूको क्षेत्रीय सञ्जाल हो ।


सम्पर्कः
पो.ब.नं. १९३६६
२५४ लम्टङ्गीन मार्ग
बालुवाटार, काठमाडौं, नेपाल
फोनः ४४१५८२४, ४४४४४३८
फ्याक्सः ४४४४५७०
ईमेलः sawtee@sawtee.org


www.sawtee.org